जनकपुर टुडे
छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक २५ • २०८३ साल जेठ ३१ गते आइतबार (14 June, Sunday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेश जोड्दै ट्राभल मार्ट

**टुडे समाचारदाता**

जनकपुरधाम । 'घुमौं मधेश : मधेश प्रदेशको कृषि, पर्यटन, खेल, उद्योग र व्यापार, मधेश समृद्धिको मुख्य आधार' भन्ने नारासहित वीरगञ्जबाट शुरु भएको मधेश ट्राभल मार्ट जनकपुरधाममा सम्पन्न हुने भएको छ।

पर्यटन प्रवर्द्धन, आन्तरिक तथा बाह्य पर्यटक आकर्षण तथा सीमापार पर्यटन सहकार्यलाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको मार्टका सहभागीहरू शुक्रबार बाराको जीतपुर-सिमरा हुँदै शनिबार जनकपुरधाम आइपुगेका छन् । उनीहरू गंगा आरतीमा समेत सहभागिता भए।

जेठ २९ गतेदेखि शुरु भएको तीनदिने मधेश ट्राभल मार्ट वीरगञ्जबाट प्रारम्भ भइ जनकपुरधाममा आइतबार सम्पन्न आयोजकले जनाएको छ। जनकपुरधाम आइपुगेका अतिथिहरूलाई अञ्जनी स्वीट्ससहितका होटल व्यवसायीहरूले भव्य स्वागत गरेका छन् ।

नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख हिक्मत सिंह ऐरले भारतीय पर्यटकहरूको नेपाल आवागमनलाई थप सहज बनाउनुपर्नेमा जोड दिए।

### कांग्रेसभित्र असन्तुष्ट पक्षको मधेशमा भेला

# वडास्तरसम्म पार्टी कमिटी गठन गर्न र आसन्न निर्वाचनका लागि उम्मेदवार खोज्न निर्देशन

**टुडे समाचारदाता**




जनकपुरधाम । नेपाली कांग्रेसभित्र विशेष महाधिवेशनको विषयलाई लिएर विवाद चर्किरहेका बेला शेरबहादुर देउवा पक्षधरका नेताहरूले मधेश प्रदेशमा छुट्टै प्रदेशस्तरीय कार्यकर्ता भेला आयोजना गरेका छन् ।

पार्टी संस्थापन पक्षसंग टाँढिदैं गइरहेको बेला देउवा पक्षधरहरुले जनकपुरधाममा शनिबार मधेश प्रदेशमा छुट्टै प्रदेशस्तरीय कार्यकर्ता भेला गर्दै आसन्न प्रदेश र स्थानीय तहको निर्वाचनका लागि अहिलेदेखि नै स्थानीयस्तरमा सक्षम र योग्य व्यक्तिलाई उम्मेदवार बनाउनका लागि वडास्तरसम्म पार्टी कमिटीलाई बलियो बनाउन नेताहरुले निर्देशन दिएका छन् ।

महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्रमा आयोजित 'नेपाली कांग्रेस एकता, पार्टी सुदृढीकरण तथा देशको समसामयिक राजनीतिक विषयमा छलफलका लागि मधेश प्रदेशस्तरीय कार्यकर्ता भेला' मा बोल्दै नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले पार्टीभित्र देखिएका मतभेद र असन्तुष्टिलाई संवाद तथा सहमतिका माध्यमबाट समाधान गर्दै संगठनात्मक एकता कायम राख्नुपर्नेमा जोड दिए पनि वडास्तरसम्म नै कमिटी निर्माण गर्न निर्देशनसमेत दिए ।

पूर्वउपप्रधानमन्त्रीसमेत रहेका नेता निधिले आसन्न प्रदेश र स्थानीय तहको निर्वाचनमा केन्द्रित भइ पार्टी कमिटी निर्माण वडास्तरसम्म गर्नका लागि निर्देशन दिए । उनले भने, 'यसपटक पनि टिकट कसले कसरी टिकट बाड्लान् ठेकनान छैन, तर अहिले देखि नै सशक्त उम्मेदवार खोज्नका लागि पनि पालिका कमिटी, वडास्तरी पार्टी कमिटी शसक्त रुपमा गठन गर्नुपर्छ ।' नेता निधिले भने, 'अहिलेदेखि नै पार्टीलाई सशक्तढंगले निर्माण गर्न र सक्षम तथा योग्य उम्मेदवारको नाम छनोट गरी निर्वाचनमा उठाउनुपर्छ । यसका लागि उम्मेदवार पनि अहिलेदेखि नै खोजौं, कसले कारबाही गर्छ, त्यो पनि हामी हेर्छौं, त्यसको प्रतिकार गर्न पनि हामी तयार रहौं ।'

मधेश प्रदेशमा कांग्रेस नेतृत्वको सरकार रहेको छ । तर नेता निधिले भने मधेश प्रदेशमा प्रदेश सरकारले काम गर्न नसकेको भन्दै आलोचना गरे । उनले नेता तथा कार्यकर्तालाई मधेश प्रदेश सरकारले काम नै गर्न नसकेको भन्दै प्रचारप्रसार गर्न समेत आग्रह गरे ।

विचार र दृष्टिकोणमा फरकपन हुनु लोकतान्त्रिक अभ्यासको स्वाभाविक प्रक्रिया भए पनि त्यसलाई विभाजन वा टकरावका आधार बनाउन नहुने उनको भनाइ छ ।

उनले पार्टीभित्र देखिएको असन्तुष्टि, संगठन सञ्चालनका विषयमा उठेका प्रश्न तथा नेतृत्वप्रतिको गुनासोलाई खुला छलफलबाट समाधान गर्नुपर्नेमा जोड दिए । कांग्रेसको मुख्य शक्ति यसको लोकतान्त्रिक संस्कार, कार्यकर्ताको समर्पण र संगठनात्मक एकतामा रहेको बताए । पार्टीलाई आगामी दिनमा थप सशक्त, प्रभावकारी र जनमुखी बनाउन सबै पक्षले साझा उद्देश्यका साथ अघि बढ्नुपर्ने उनले बताए ।

प्रतिनिधिसभा निर्वाचनको समयमा वर्तमान प्रधानमन्त्री बालेन्द्र साहले काठमाण्डु अधिकार माग्न नभइ, घुम्न आउन आह्वान गरेको स्मरण गर्दै नेता निधिले सरकार बनेको केही महिना वितिसक्दा पनि प्रदेश सरकार र स्थानीय तहका जनप्रतिनिधिहरु अहिलेसम्म अधिकारविहीन नै रहेको टिप्पणी गरे । उनले बालेन नेतृत्वको सरकारसंग प्रश्न गर्दै भने, 'काठमाण्डु घुम्न आउन भन्ने तर सरकारमा आइसकेपछि पनि यहाँका जनतासमेतलाई काठमाण्डुमा दर्शन मात्र नभइ अधिकारका लागि पनि त्यहीँ जानुपर्ने बाध्यता अन्त्य कसको कारण हुन सकेको छैन ।' उनले अघि थप्दैं भने, अहिले त संघीयता झनै कमजोर भएको छ, त्यसैले पनि मधेश प्रदेशमा मात्र नभइ देशव्यापीरुपमै संघीयताका लागि एकपटक अझैं आन्दोलन गर्नुपर्ने भएकाले यसको तयारी सशक्त रुपमा गर्नुपर्छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाका लागि एकपटक अझै लडाइ लड्न तयार रहौं ।'

सरकारको गतिविधिका कारण सीमावर्ती क्षेत्रका जनताहरु केही दिनदेखि सास्ती भोग्न बाध्य भएको बताउँदै नेता निधिले भने, 'काठमाण्डुको संसद र सिंहदरबारको सरकारले जुन गतिविधि गरिहेको छ, त्यसको असर बोर्डरमा परिरहेको छ, गाउँमा परिरहेको छ। त्यसैले अधिकारका लागि काठमाण्डु नै धाउनु परेको छ, त्यसको लागि लड्नुपर्छ।'

भेलाका संयोजक तथा राष्ट्रियसभा सदस्य आनन्दप्रसाद ढुंगानाले भेलाको उद्देश्यबारे जानकारी गराउँदै पार्टीभित्र देखिएका विभिन्न धारणा र असन्तुष्टिलाई लोकतान्त्रिक प्रक्रियाबाट व्यवस्थापन गर्नुपर्ने धारणा राखे। उनले कांग्रेसको संगठनलाई तल्लो तहसम्म थप सुदृढ बनाउने, कार्यकर्ताको भावना नेतृत्वसमक्ष पुऱ्याउने तथा समसामयिक राजनीतिक विषयमा साझा धारणा निर्माण गर्ने उद्देश्यले भेला आयोजना गरिएको जानकारी दिए।

नेता उमाकान्त चौधरीले कांग्रेसको आन्तरिक लोकतन्त्रलाई व्यवहारमा उतार्न नेतृत्व र कार्यकर्ताबीचको सम्बन्ध थप मजबुत हुनुपर्ने बताए।

नेता मोहनबहादुर बस्नेतले कांग्रेसलाई जनविश्वासको केन्द्रका रूपमा स्थापित राख्न सङ्गठनात्मक सुधार, नेतृत्वको उत्तरदायित्व, कार्यकर्ता परिचालन र जनतासँगको सम्बन्धलाई अझ सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याए। नेता गुरुप्रसाद बरालले कांग्रेसभित्र उठेका आवाज र बहसलाई पार्टीको लोकतान्त्रिक जीवनको अभिन्न अङ्गका रूपमा लिनुपर्ने बताए।

यस भेलामा उपसभापति पूर्णबहादुर खड्कानिकट नेताहरू तथा अन्य असन्तुष्ट समूहको पहलमा जनकपुरधाममा आयोजित भेलामा मधेश प्रदेशका आठवटै जिल्लाका नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो।

# सिमेन्टको लेमिनेटेड बोरामा नीतिगत भ्रष्टाचारको आरोप

**टुडे समाचारदाता**




जनकपुरधाम । नेपालको पूर्वाधार विकाससँग जोडिएको सिमेन्ट उद्योग यतिबेला लेमिनेटेड बोरा अनिवार्य गर्ने सरकारी नीतिका कारण विवादमा छ । उद्योगीहरूले यसलाई प्राविधिक आवश्यकताभन्दा बढी सीमित व्यावसायिक समूहलाई लाभ पुऱ्याउने ' नीतिगत सेटिङ' को परिणाम भएको आरोप लगाएका छन् ।

तथ्यांक अनुसार नेपालमा वार्षिक करिब १६ करोड थान ५० किलोका सिमेन्ट बोरा खपत हुन्छन् । विगतमा प्रयोग हुने साधारण (अन-लेमिनेटेड) बोराको मूल्य प्रतिगोटा १३-१४ रुपैयाँ थियो । लेमिनेटेड बोरा अनिवार्य भएपछि मूल्य करिब ३४ रुपैयाँ पुगेको दाबी गरिएको छ । यसरी प्रतिगोटा १५-२० रुपैयाँ अतिरिक्त लागत थपिँदा वार्षिक रूपमा उपभोक्ता र निर्माण क्षेत्रले ५ अर्ब रुपैयाँभन्दा बढी अतिरिक्त भार व्यहोर्नुपरेको उद्योगीहरूको भनाइ छ।

यस विवादको सुरुवात २०६८ सालमा भएको मानिन्छ । त्यसबेला अधिवक्ता कञ्चनकृष्ण न्यौपानेले सर्वोच्च अदालतमा सिमेन्टमा लेमिनेटेड बोरा अनिवार्य गर्न माग गर्दै रिट दायर गरेका थिए। त्यसपछि २०६९ मा वातावरण मन्त्रालयले धुलो नियन्त्रणको तर्कसहित लेमिनेटेड बोरा प्रयोग अनिवार्य गर्ने सूचना जारी गऱ्यो। सिमेन्ट उद्योगीहरूले लागत बढ्ने र स्वदेशी उत्पादन अपर्याप्त रहेको भन्दै विरोध जनाएपछि सर्वोच्च अदालतले तत्काल कार्यान्वयन रोक्न आदेश दिएको थियो।

त्यसपछि २०७४ चैत १९ गते सर्वोच्च अदालतले सरकारलाई आवश्यक मापदण्ड बनाई लेमिनेटेड बोरा प्रयोगको व्यवस्था मिलाउन निर्देशनात्मक आदेश दिएको थियो । त्यसपछि उद्योग विभागले पुनः सूचना जारी गऱ्यो र अन्ततः २०८१ असार २० गते मन्त्रिपरिषद्ले सिमेन्ट प्याकेजिङमा लेमिनेटेड बोरा अनिवार्य गर्ने निर्णय गऱ्यो। सो निर्णयअनुसार नेपाल गुणस्तर परिषद्ले निर्धारण गरेको मापदण्डअनुसारका लेमिनेटेड बोरामा मात्र सिमेन्ट बिक्री गर्न पाइने व्यवस्था लागू गरियो।

यस प्रकरणको केन्द्रमा शंकर अर्गनाइजेसनअन्तर्गतको जगदम्बा सिन्थेटिक्स रहेको आरोप छ । सर्वोच्च अदालतको आदेश आउनुअघि नै कम्पनीले करिब डेढ अर्ब रुपैयाँ लगानी गरी मासिक ४० लाख बोराको उत्पादन क्षमता बढाएर दुई करोड पुऱ्याएको थियो । उद्योगीहरूका अनुसार प्रारम्भिक चरणमा एनएस (नेपाल स्ट्यान्डर्ड) प्रमाणपत्र प्राप्त लेमिनेटेड बोरा उत्पादन गर्ने प्रमुख कम्पनी जगदम्बा मात्र थियो।

नेपाल गुणस्तर तथा नापतौल विभागले जगदम्बालाई २०८१ पुस ९ गते गुणस्तर प्रमाणपत्र प्रदान गरेको थियो । अन्य उत्पादकहरू पशुपति सिनप्याक र सिद्धिश्री इन्डस्ट्रिजले भने क्रमशः महिनौंपछि मात्र प्रमाणपत्र पाए । आलोचकहरूका अनुसार यसले सुरुवाती चरणमा बजारमा जगदम्बाको एकाधिकार स्थापित गरायो । हाल अन्य केही कम्पनीले पनि उत्पादन थालेका भए पनि बजारमा अझै यसको प्रभाव कायम रहेको उद्योगीहरूको दाबी छ।

सरकारले लेमिनेटेड बोरा अनिवार्य गर्नुको मुख्य कारण धुलो नियन्त्रण र ओसबाट संरक्षण बताएको छ। तर यसको वातावरणीय प्रभावबारे प्रश्न उठाइएको छ। साधारण पोलिप्रोपिलिन (पीपी) बोरा पुनः प्रयोग वा रिसाइकल गर्न अपेक्षाकृत सहज भए पनि लेमिनेटेड बोरामा विभिन्न प्लास्टिक तह प्रयोग हुने भएकाले रिसाइक्लिङ कठिन र महँगो हुने विज्ञहरूको भनाइ छ। वार्षिक करोडौं बोरा फोहोरका रूपमा जम्मा हुँदा दीर्घकालीन वातावरणीय समस्या सिर्जना हुन सक्ने चेतावनी पनि दिइएको छ।

राजपत्रमा प्रकाशित भएको यो सूचनाको आधारमा नेपाल गुणस्तर तथा नापतौल विभागले ५० किलो सिमेन्टको बोरा प्याकेजिङ गर्दा अनिवार्य रूपमा एनएस (गुणस्तर प्रमाणपत्र प्राप्त) प्राप्त लेमिनेटेड बोरा मात्रै प्रयोग गर्नुपर्ने मापदण्ड २०८१ माघ ११ गतेदेखि कार्यान्वयनमा ल्यायो।

यस खेलको मुख्य केन्द्रमा औद्योगिक घराना शंकर अर्गनाइजेसनअन्तर्गतको 'जगदम्बा सिन्थेटिक्स' र त्यसका निर्देशक सुलभ अग्रवाल रहेका छन् । कागजातहरूले देखाउँछन् कि सरकारले नीति ल्याउनु र जगदम्बाले तयारी गर्नु सँगसँगै भएको थियो।

२०७४ चैत १९ गते सर्वोच्च अदालतले मापदण्ड बनाएर लेमिनेटेड बोरा प्रयोगको व्यवस्था मिलाउनु भनेर सरकारको नाममा ' निर्देशनात्मक आदेश' जारी गरेको थियो।


यो आदेश आउनुभन्दा झन्डै एक महिना पहिले तत्कालीन 'शंकर सिन्थेटिक' (अहिले जगदम्बा सिन्थेटिक्स) ले आफ्नो उद्योगको उत्पादन क्षमतासमेत वृद्धि गरेका थिए।

करिब डेढ अर्ब रुपैयाँको लगानीमा मासिक ४० लाख लेमिनेटेड बोरा उत्पादन क्षमतालाई वृद्धि गरी मासिक दुई करोड गोटा बोरामा पुऱ्याएको त्यो बेला कम्पनीका प्रबन्ध निर्देशक अग्रवालले जानकारी दिएका थिए।

यस नीतिले केही सीमित बोरा उत्पादकलाई लाभ पुऱ्याएको र दर्जनौं सिमेन्ट उद्योग तथा लाखौं उपभोक्तामाथि अतिरिक्त आर्थिक भार थपेको आरोप लगाइएको छ। यस विषयमा पारदर्शी समीक्षा गरी वातावरणमैत्री, प्रतिस्पर्धी र किफायती विकल्पको खोजी गर्नुपर्ने माग बढ्दो रूपमा उठिरहेको छ।



# मधेशका विभिन्न स्थानमा योगशिविर



टुडे समाचारदाता

वीरगञ्ज। भारतीय महावाणिज्य दूतावास, वीरगञ्जले १२ औँ अन्तर्राष्ट्रिय योग दिवस-२०२६ को अवसरमा मधेश प्रदेश तथा आसपासका विभिन्न जिल्लाहरूमा योग कार्यक्रमहरूको आयोजना गर्ने भएको छ।

आगामी असार ७ गते (२१ जुन २०२६) मनाइने अन्तर्राष्ट्रिय योग दिवसको यस वर्षको मूल विषय "स्वस्थ वृद्धावस्थाका लागि योग" (थ्यनब ायच ज्भबतिजथ ब्नभष्लन) रहेको दूतावासले जनाएको छ।

दूतावासका अनुसार यस वर्षको विषयवस्तुले मानव जीवनका प्रत्येक चरणमा योगको महत्त्वपूर्ण भूमिकालाई उजागर गर्दछ। योगले शारीरिक लचकता, सन्तुलन, शक्ति तथा मानसिक शान्तिलाई प्रवर्द्धन गर्नुका साथै तनाव, चिन्ता र जीवनशैलीसँग सम्बन्धित विभिन्न स्वास्थ्य समस्याहरूबाट जोगिन मद्दत पुऱ्याउने विश्वास गरिएको छ।

नियमित योग अभ्यासले सबै उमेर समूहका मानिसहरूलाई स्वस्थ, सक्रिय र आत्मनिर्भर जीवनशैली अपनाउन प्रेरित गर्ने तथा सम्मानजनक र स्वस्थ वृद्धावस्थाको विश्वव्यापी लक्ष्यलाई सुदृढ बनाउने दूतावासको भनाइ छ।

महावाणिज्य दूतावासले स्थानीय तह, शैक्षिक संस्था तथा सामाजिक संघ-संस्थाहरूसँगको सहकार्यमा विभिन्न स्थानहरूमा योग कार्यक्रम सञ्चालन गर्ने तालिका सार्वजनिक गरेको छ। कार्यक्रम अन्तर्गत असार ३० गते पर्साको सखुवा प्रसौनी गाउँपालिका अन्तर्गत पचगावामा पहिलो योग सत्र आयोजना गरिनेछ। त्यसपछि असार २ गते चितवनको भरतपुर स्थित नारायणी नदी किनार, असार ३ गते मकवानपुरको हेटौँडास्थित रोयल पार्टी प्यालेस, असार ४ गते पर्साको पोखरियास्थित श्री जिल्ला उच्चाङ्गल रामदेव कलवार प्राविधिक नमुना माध्यमिक विद्यालय, असार ५ गते धनुषाको जनकपुरधामस्थित प्रसिद्ध जानकी मन्दिर परिसर तथा असार ६ गते गढीमाई मन्दिर नजिक रहेको विवाह मण्डपमा योग कार्यक्रम आयोजना गरिनेछ।

दूतावासले जनाएअनुसार पचगावा, पोखरिया र गढीमाईमा हुने कार्यक्रमहरू सम्बन्धित स्थानीय तहहरूको सक्रिय सहकार्यमा सञ्चालन गरिनेछन्। त्यसैगरी जनकपुरधाममा आयोजना हुने योग उत्सव जानकी मन्दिर व्यवस्थापन पक्ष तथा जनकपुरधाम उपमहानगरपालिकाको सहयोगमा मन्दिर परिसरमै सम्पन्न हुनेछ।

अन्तर्राष्ट्रिय योग दिवसको मुख्य तथा सबैभन्दा ठूलो कार्यक्रम भने असार ७ गते बिहान ५:३० बजे वीरगञ्जस्थित शंकराचार्य गेटमा आयोजना गरिनेछ। दूतावासका अनुसार यो कार्यक्रम यस वर्ष महावाणिज्य दूतावासद्वारा आयोजना गरिने सबैभन्दा ठूलो योग समारोह हुने अपेक्षा गरिएको छ, जसमा हजारौँ योगप्रेमी, विद्यार्थी, सामाजिक अभियन्ता तथा सर्वसाधारणको सहभागिता रहने अनुमान गरिएको छ।

यसैबीच शनिबार बिहान पर्साको सखुवा प्रसौनी गाउँपालिकामा स्थित श्रीपुर बजारको खेल मैदानमा भव्य योग शिविर सम्पन्न भएको छ। "स्वस्थ वृद्धावस्थाका लागि योग" भन्ने मूल नाराका साथ आयोजित कार्यक्रममा स्थानीय जनप्रतिनिधि, सुरक्षा निकायका अधिकारी, शिक्षक-विद्यार्थी, समाजसेवी तथा सर्वसाधारणको उत्साहजनक सहभागिता रहेको थियो।

कार्यक्रममा भारतको महावाणिज्य दूतावास, वीरगञ्जका प्रतिनिधिहरू, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका अधिकारीहरू, सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादव, उपाध्यक्ष शर्मिला बिष्ट महतो लागयतका व्यक्तिहरुको उपस्थिति रहेको थियो।

# संगठन निर्माणमा केन्द्रित हुन अध्यक्ष यादवको आग्रह

टुडे समाचारदाता

जनकपुरधाम। जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले पार्टीलाई थप सुदृढ, व्यवस्थित र जनमुखी बनाउन कार्यकर्ताहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताएका छन्।




वीरगञ्जमा शनिबार भएको कार्यक्रममा बोल्दै अध्यक्ष यादवले पार्टी संगठनलाई बलियो बनाउन एकता, संगठन, अनुशासन र समाजवादलाई मूल आधारका रूपमा अघि बढाउनुपर्नेमा विशेष जोड दिए।

एकता सम्बन्धमा उनले पार्टीभित्रको आपसी विश्वास, सहकार्य र सामूहिक भावनाले मात्र संगठनलाई बलियो बनाउन सक्ने बताए। विभाजन, गुटबन्दी र व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पार्टीको साझा लक्ष्य र जनताको हितलाई केन्द्रमा राख्नुपर्ने धारणा व्यक्त गरे।

संगठनको महत्वबारे चर्चा गर्दै नेता यादवले गाउँ, टोल, वडा तथा स्थानीय तहसम्म पार्टी संरचनालाई सक्रिय र जनतासँग जोडिएको बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो। संगठन बलियो भए मात्र पार्टीले जनताको अधिकार, पहिचान, समानुपातिक सहभागिता तथा सामाजिक न्यायका मुद्दाहरू प्रभावकारी रूपमा उठाउन सक्ने बताए।

अनुशासनलाई सफल राजनीतिक आन्दोलनको आधार स्तम्भका रूपमा व्याख्या गर्दै उनले पार्टीको नीति, सिद्धान्त र निर्णयलाई सम्मान गर्दै अनुशासित ढंगले काम गर्न सम्पूर्ण नेता तथा कार्यकर्तालाई आग्रह गरे।

त्यसैगरी समाजवादको विषयमा बोल्दै अध्यक्ष यादवले आर्थिक, सामाजिक तथा राजनीतिक असमानताको अन्त्य गरी समान अवसर, सामाजिक न्याय, समावेशी विकास र जनताको पारे। समाजवादलाई व्यवहारमा लागू गर्दै किसान, मजदुर, युवा, महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम तथा उत्पीडित समुदायको अधिकार सुनिश्चित गर्न पार्टी निरन्तर संघर्षरत रहने प्रतिबद्धता व्यक्त गरे।

उनले पार्टीको आगामी यात्राबारे चर्चा गर्दै संगठन विस्तार, जनसम्पर्क अभियान, जनजीविकासँग सम्बन्धित मुद्दाहरूको उठान तथा लोकतन्त्र, संघीयता, समावेशिता र पहिचानको रक्षाका लागि पार्टी अझ सशक्त रूपमा अघि बढ्ने बताए। यसका साथै आगामी राजनीतिक चुनौतीहरूलाई अवसरमा रूपान्तरण गर्दै जसपा नेपाललाई देशकै प्रमुख समाजवादी शक्तिका रूपमा स्थापित गर्न सम्पूर्ण नेता तथा कार्यकर्तालाई एकताबद्ध भएर लाग्न आह्वान गरे।

यस कार्यक्रममा सहभागी नेता तथा कार्यकर्ताहरूले अध्यक्ष यादवको मार्गदर्शनले पार्टीलाई थप मजबुत, संगठित र जनमुखी बनाउन प्रेरणा प्राप्त भएको बताएका थिए।

# इनरुवाबाट ब्राउन सुगरसहित तीन जना पक्राउ

इनरुवा। इनरुवा नगरपालिका-४ बसचौकबाट आज प्रहरीले प्रतिबन्धित लागुऔषध ब्राउनसुगर (खैरो हिरोइन) सहित तीन जनालाई नियन्त्रणमा लिएको छ।

रामधुनी नगरपालिका-८ का २३ वर्षीय नितेश चौधरी, सोही स्थानका २३ वर्षीय अर्पन राई र इटहरी उपमहानगरपालिका-१३ का ३० वर्षीय मिलनकुमार चौधरी पक्राउ परेका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक चन्द्रबहादुर खड्काले जानकारी दिनुभयो।

गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले बसचोकमा चेकजाँच गर्ने क्रममा पाँच दशमलव ७७ ग्राम ब्राउनसुगरसहित निजीहरूलाई पक्राउ गरी नियन्त्रणमा लिएको उहाँले जानकारी दिनुभयो।

नितेशको दाहिने हातमा लुकाईछिपाई ल्याउँदै गरेको अवस्थामा ७१० मिलिग्राम ब्राउनसुगर जस्तो देखिने पदार्थ फेला परेको थियो। त्यसैगरी, पैदल हिँडिरहेका मिलनलाई जाँच गर्दा निजले लगाएको भित्री कपडाको गोजीमा लुकाएर ल्याइएको अवस्थामा पाँच दशमलव शून्य छ ग्राम ब्राउनसुगर जस्तो देखिने पदार्थ बरामद भएको प्रहरी नायब उपरीक्षक खड्काले जानकारी दिनुभयो। रासस

# एमालेका स्थानीय तह प्रमुखलाई प्रशिक्षण



टुडे समाचारदाता

बर्दिबास। नेकपा एमाले मधेश प्रदेश कमिटीले पार्टीको तर्फबाट निर्वाचित स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरूलाई बजेट निर्माण तथा विकासे योजना प्रभाकारी बनाउने बारे एकदिने प्रशिक्षण दिएका छन्।

महोत्तरीको बर्दिबासमा आयोजा गरिएको सो कार्यक्रममा स्थानीय तहको बजेट निर्माण, कार्यान्वयन तथा विकास योजनाको प्रभावकारी व्यवस्थापनका विषयमा प्रशिक्षण गराइएको जनाइएको छ।

एमाले मधेश प्रदेशका सचिव मनोज पौडेलका अनुसार हालसम्म भएका कामहरूको समीक्षा गर्दै आगामी आर्थिक वर्षको बजेट निर्माणलाई थप प्रभावकारी र जनमुखी बनाउने उद्देश्यले प्रशिक्षण सञ्चालन गरिएको थियो। प्रशिक्षण कार्यक्रममा एमाले केन्द्रीय स्थानीय विकास विभाग प्रमुख राजेन्द्र गौतम तथा विज्ञहरू गणेश तिमल्सिना र नवराज गेलालले सहजीकरण गरेका थिए। कार्यक्रमलाई सम्बोधन गर्दै गौतमले स्थानीय तहका जनप्रतिनिधिलाई जनताको आवश्यकता र अपेक्षालाई केन्द्रमा राखेर बजेट निर्माण गर्न आग्रह गरे।

उनले बजेट जनताको जीवनस्तरसँग प्रत्यक्ष जोडिने गरी तयार गर्नुपर्नेमा जोड दिएका थिए। त्यसैगरी एमाले मधेश प्रदेश इञ्चार्ज लिलानाथ श्रेष्ठले स्थानीय पार्टी कमिटीसँग समन्वय र सहकार्य गरेर बजेट निर्माण प्रक्रिया अघि बढाउन निर्देशन दिए। उनले विकासका कार्यक्रमलाई जनमुखी र परिणाममुखी बनाउन पार्टी र जनप्रतिनिधिबीच सहकार्य आवश्यक रहेको बताए।

मधेश प्रदेश कमिटीका अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा एमालेका केन्द्रीय सदस्यहरू अच्युत मैनाली, प्रभु हजरा, मो. कैस, मधेश प्रदेश सरकारकी श्रम तथा यातायात मन्त्री सारदा थापालगायत पार्टीका तर्फबाट निर्वाचित स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरूको सहभागिता रहेको थियो।

# बाली लगाउनुअघि नै समर्थन मूल्य तोक्ने व्यवस्था लागू

काठमाण्डु। कृषि, वन तथा वातावरण मन्त्रालयले प्रमुख खाद्यान्न बालीको न्यूनतम समर्थन मूल्य (एमएसपी) तथा न्यूनतम खरिद मूल्य निर्धारणका लागि निर्देशिका जारी गर्दै बाली लगाउनुअघि नै समर्थन मूल्य तोक्ने व्यवस्था लागू गरेको जनाएको छ।




मन्त्रालयका अनुसार सरकारका १०० बुँदे शासकीय सुधार कार्यक्रमअन्तर्गत प्रमुख खाद्यान्न बालीको एमएसपी निर्धारणसम्बन्धी कार्य सम्पन्न भएको हो। यसका लागि 'न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण सम्बन्धी निर्देशिका, २०८२' जारी गरिएको छ। उक्त निर्देशिका गत वैशाख १६ गते मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत भई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा दर्ता गरिएको तथा मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक गरिएको मन्त्रालयले जनाएको छ।

कृषि, वन तथा वातावरणमन्त्री गीता चौधरीले निर्देशिकाअनुसार बाली लगाउनुअघि नै न्यूनतम समर्थन मूल्य निर्धारण हुने भएकाले किसानले आफ्नो लागत, सम्भावित आम्दानी र बजार अवस्थाका आधारमा बाली छनोट गर्न सक्ने बताउनुभयो।

"किसानले पाउने मूल्य पहिले नै निर्धारण भएपछि सोही आधारमा उक्त बाली लगाउने वा अन्य विकल्प रोज्ने विषयमा निर्णय गर्न सक्नुहुन्छ," उहाँले भन्नुभयो।

आर्थिक वर्ष २०८२/८३ का लागि गहुँ र चैते धानको न्यूनतम समर्थन मूल्य मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको मन्त्रालयले जनाएको छ। त्यसैगरी आर्थिक वर्ष २०८३/८४ का लागि वर्षे धानको न्यूनतम समर्थन मूल्य यही जेठ ११ गते बसेको मन्त्रिपरिषद् बैठकले निर्धारण गरेको छ।

मन्त्रिपरिषद्को निर्णयअनुसार मोटा धानको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल रु तीन हजार ६६० र मध्यम धानको प्रतिक्विन्टल रु तीन हजार ८६० कायम गरिएको छ। मन्त्रालयले आगामी आर्थिक वर्षका लागि वर्षे मकैको न्यूनतम समर्थन मूल्य निर्धारण प्रक्रिया पनि अघि बढाएको जनाएको छ।

यसअघि वर्षे मकैको समर्थन मूल्य तोक्ने व्यवस्था नभएको उल्लेख गर्दै मन्त्रालयले आगामी फागुन मसान्तभित्र मूल्य निर्धारणसम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्ने तयारी गरेको छ।

उखुको हकमा आर्थिक वर्ष २०८२/८३ का लागि न्यूनतम खरिद मूल्य मन्त्रिपरिषद्को २०८२ मङ्सिर २२ गतेको निर्णयबाट निर्धारण भइसकेको छ। आगामी आर्थिक वर्ष २०८३/८४ का लागि उखुको न्यूनतम खरिद मूल्यसम्बन्धी प्रस्ताव आगामी कात्तिक मसान्तभित्र मन्त्रिपरिषद्मा पेस गरिने मन्त्रालयले जनाएको छ। रासस

# ग्यास बिक्रेता संघको साधारणसभा सम्पन्न

टुडे समाचारदाता

जनकपुरधाम। ग्यास बिक्रेता संघ धनुषाको छैटौँ वार्षिक साधारणसभा सम्पन्न भएको छ।



जनकपुरधाममा शनिबार भएको साधारणसभामा ग्यास आपूर्तिमा देखिएको समस्या, व्यवसायीहरूको हकहित तथा संघको सांगठनिक र आर्थिक अवस्थाबारे छलफल गरिएको छ।

सो साधारणसभामा खाना पकाउने एलपी ग्यासको आपूर्तिमा देखिएको अभाव, धनुषाका ग्यास बिक्रेताले भोगिरहेका समस्या तथा आगामी कार्ययोजनाका विषयमा विस्तृत छलफल गरिएको थियो।

संघका जिल्ला अध्यक्ष फुलदेव पण्डितले देशभर देखिएको ग्यास अभावको प्रभाव धनुषामा पनि परेको बताए। उनले बताए अनुसार अधिकांश ग्यास कम्पनीबाट पर्याप्त आपूर्ति हुन नसक्दा जिल्लाका व्यवसायीहरू मुख्यतः नोबेल ग्यासमै निर्भर हुन बाध्य भएका छन्, जसका कारण उपभोक्ताले समेत समस्या भोग्नुपरेको छ।

उनले ग्यास आपूर्तिलाई सहज बनाउन विभिन्न ग्यास कम्पनीसँग समन्वय र सहकार्यको पहल गरिने बताए। ग्यास बिक्रेता र उपभोक्ताको सुरक्षासँग सम्बन्धित विषयमा छलफल गर्नुका साथै सुरक्षा सचेतना तथा प्रशिक्षण कार्यक्रमसमेत सञ्चालन गरिएको उनको भनाइ छ।

सो साधारणसभामा ग्यास बिक्रेता महासंघका केन्द्रीय अध्यक्ष ज्ञानेश्वर अर्याल, नोबेल ग्यासका प्रबन्धक मनोज श्रेष्ठ, नेपाल ग्यासका प्रबन्धक रामकृष्ण सापकोटालगायतहरुको सहभागिता रहेको थियो।

सो साधारणसभाले ग्यास आपूर्तिलाई व्यवस्थित, सुरक्षित र उपभोक्तामैत्री बनाउन व्यवसायीबीच समन्वय बढाउने तथा देखिएका समस्याको समाधानका लागि सम्बन्धित निकायसँग पहल गर्ने निष्कर्ष निकालेको जनाएको छ।

# खैरो हिरोइनसहित बिर्तामोडबाट एक जना पक्राउ

बिर्तामोड। झापाको मेचीनगरबाट खैरो हिरोइनसहित बिर्तामोडका एक जना पक्राउ परेका छन्। लागुऔषध नियन्त्रण ब्यूरो कार्यालय काँकडभिट्टा र इलाका प्रहरी कार्यालय काँकडभिट्टाको संयुक्त टोलीले आज दिउँसो मेचीनगर-६ स्थित पुरानो मेची पुल क्षेत्रबाट बिर्तामोड नगरपालिका-७ निवासी ३० वर्षीय विष्णु सिंह राजवंशीलाई पक्राउ गरेको हो।

जिल्ला प्रहरी कार्यालयका अनुसार भारतबाट पैदल नेपालतर्फ आउँदै गरेका राजवंशीलाई शङ्काका आधारमा जाँच गर्दा प्लास्टिकबाहेक पाँच ग्राम ४० मिलिग्राम खैरो हिरोइनजस्तो देखिने लिसाइलो पदार्थ फेला परेको थियो। बरामद लागुऔषधसहित निजलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय काँकडभिट्टामा राखिएको छ।

घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। झापाको पूर्वी नाका क्षेत्रमा लागुऔषध ओसारपसार नियन्त्रणका लागि प्रहरीले निगरानी र चेकजाँचलाई थप कडा बनाएको जनाएको छ। रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज वाणीमा मधुरता र व्यवहारमा कुशलता कायम राख्नुहोला। |
| वृष : | व्यापार व्यवसायमा नयाँ योजना बनाउन आजको दिन निकै उपयुक्त छ। |
| मिथुन : | आज खर्चको मात्रा अलि बढ्न सक्छ। |
| कर्कट : | आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। |
| सिंह : | कार्यक्षेत्र र राज्यपक्षबाट पूर्ण सहयोग मिल्नेछ। |
| कन्या : | आज भाग्यले पूर्ण साथ दिनेछ। लामो दुरीको यात्रा वा तीर्थाटनको योग छ। |
| तुला : | आजको दिन केही सतर्क रहनुपर्ने देखिन्छ। |
| वृश्चिक : | दाम्पत्य जीवनमा मधुरता छाउनेछ र जीवनसाथीको पूर्ण सहयोग मिल्नेछ। |
| धनु : | आज तपाईको साहस र आत्मबल उच्च रहनेछ। |
| मकर : | बौद्धिक र रचनात्मक काममा ठुलो सफलता मिल्नेछ। |
| कुम्भ: | पारिवारिक वातावरण केही अशान्त रहन सक्छ। |
| मीन: | तपाईको पराक्रम र सामाजिक प्रतिष्ठामा वृद्धि हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# एक दर्जन सुरुङमार्गको सम्भाव्यता अध्ययन र निर्माणका लागि ६८ करोड

काठमाण्डु । पूर्वाधार विकास मन्त्रालयले आगामी आर्थिक वर्ष २०८३/८४ मा एक दर्जन सुरुङमार्गको सम्भाव्यता अध्ययन र निर्माणका लागि ६७ करोड एक लाख बजेट विनियोजन गरेको छ।

हालसालै सार्वजनिक गरेको आगामी आवको लागि वार्षिक विकास कार्यक्रमअन्तर्गत सो योजना समावेश गरेको मन्त्रालयले



जनाएको छ। मन्त्रालयले आगामी आवका लागि निर्माणाधीन सिद्धबाबा सुरुङमार्ग निर्माणका लागि ५० करोड बजेट विनियोजन गरेको छ।

ग्वार्को सातदोबाटो एकान्तकुना फ्लाइओभरका लागि १२ करोड ६६ लाख छुट्याएको वार्षिक विकास कार्यक्रममा उल्लेख गरिएको छ । त्यसैगरी, सुरुङमार्ग विकास कार्यक्रमका लागि तीन करोड ७७ लाख ८० हजार बजेट छुट्याएको छ।

मन्त्रालयले टोखा छहरे गुर्जु भन्ज्याङ सुरुङमार्गका लागि ११ लाख ४८ हजार बजेट विनियोजन गरेको छ । त्यसैगरी, विभिन्न प्रस्तावित सुरुङमार्गहरुको सम्भाव्यता अध्ययनका लागि एक लाख ९० हजार बजेट छुट्याएको छ। त्यसैगरी, सुर्खेतको भेरी नदीदेखि बर्दियाको दानुवा तालसम्म सुरुङमार्ग अध्ययनका लागि पाँच लाख ६० हजार बजेट विनियोजन गरेको छ । त्यस्तैगरी, दोलालघाट चर्नावती सुरुङमार्गका लागि १८ लाख ९० हजार विनियोजन गरेको छ । हात्तीसार बबई सुरुङमार्गका लागि सात लाख ५६ हजार छुट्याएको छ । खुर्कोट चियाबारी सुरुङमार्गको अध्ययनका लागि तीन लाख ९२ हजार विनियोजना गरेको छ।

त्यसैगरी, शिवपुर भालुवांग सुरुङमार्गका लागि तीन लाख ९२ हजार रकम छुट्याएको छ । रानीघाट भुरीगाउँ सुरुङमार्गका लागि तीन लाख ९२ हजार बजेट छुट्याएको छ।

# डाँका चोरी मुद्दाका फरार प्रतिवादी पक्राउ



काठमाण्डु । नेपाल प्रहरीले जेनजी आन्दोलनका क्रममा नक्खु कारागारबाट भागेका एक कैदीबन्दीलाई पक्राउ गरेको छ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार, डाँका चोरी मुद्दाका फरार दोलखा शैलुङ गाउँपालिका-८ का ४४ वर्षीय सुनिल श्रेष्ठलाई पक्राउ गरेको हो।

उक्त मुद्दामा नक्खु कारागार ललितपुरमा ५ वर्ष कैद सजाय भुक्तान गरिरहेको अवस्थामा गत भदौ २४ को आन्दोलनका क्रममा भागी फरार रहेका उनलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुले सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका-९ मुढेबाट पक्राउ गरेको हो। उनलाई कैद भुक्तानका लागि नक्खु कारागार ललितपुर पठाइएको प्रहरीले जनाएको छ।

यस्तै, प्रहरीले दाङको लमही नगरपालिका-९ अमिलियास्थित नमस्ते होटलबाट सुनजस्तो देखिने पहेँलो धातुसहित दुई जनालाई शुक्रबार पक्राउ गरेको छ । उनीहरुका साथबाट २१४ ग्राम पहेँलो धातु बरामद गरिएको हो।

पक्राउ पर्नेमा राजपुर गाउँपालिका-७ सुनपतरी नाका बस्ने ४० वर्षीय रूपलाल गिरी र रूकुम पश्चिम बाँफिकोट गाउँपालिका-६ मग्मा बस्ने २२ वर्षीय दिलीप परियार रहेका छन्।

इलाका प्रहरी कार्यालय अमिलियाबाट खटिएको प्रहरीले उक्त होटलको कोठा तलासी गर्दा उक्त धातुसहित फेला पारी उनीहरूलाई पक्राउ गरेको हो।

यस्तै, देशका विभिन्न स्थानमा भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । धनुषामा एक मिनिट्रकले ठक्कर दिँदा मोटरसाइकल चालक रामभरत मण्डलको मृत्यु भएको छ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारका क्रममा मृत्यु भएको हो। प्रहरीले मिनिट्रक चालकलाई नियन्त्रणमा लिएको छ।

यस्तै, बागलुङ, ढोरपाटन नगरपालिका-५ प्याङखोलास्थित सडकमा बोबाङबाट बुर्तिबाङतर्फ आउँदै गरेको ट्याक्टर अनियन्त्रित भई सडकबाट करिब ५० मिटर तल खसेर गएराति दुर्घटना हुँदा चालक आशिक घर्ती मगरको घटनास्थलमा नै मृत्यु भएको छ। दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ। रासस

# सभापति थापाद्वारा भण्डारीको निधनप्रति गहिरो दुःख व्यक्त



काठमाण्डु । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले लोकतान्त्रिक आन्दोलनका अग्रणी व्यक्तित्व याम भण्डारीको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ।

सभापति थापाका तर्फबाट पार्टी केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले शनिबार शोक विज्ञप्ति जारी गरी ८१ वर्षीय उमेरमा निधन हुनुभएका भण्डारीको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको हो।

नेपालको लोकतान्त्रिक आन्दोलनका अथक योद्धा भण्डारीले नेपाल विद्यार्थी सङ्घ (नेविसङ्घ) को स्थापनाकालमा झापा जिल्ला र विशेषगरी मेची क्याम्पसको विद्यार्थी राजनीतिमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको कांग्रेसले जनाएको छ।

पार्टीका उपसभापति विश्वप्रकाश शर्माको परिवारका ज्येष्ठअभिभावकसमेतरहनुभएका स्वर्गीय भण्डारीले पञ्चायत विरोधी आन्दोलनका क्रममा पटकपटक कठोर जेलजीवन र शारीरिक यातना भोग्नुभएको कांग्रेस केन्द्रीय कार्यालयले जनाएको छ।

भण्डारीको निधनप्रति कांग्रेस सभापति थापाले गहिरो दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभएको छ । सभापति थापाले भण्डारीको निधनबाट पार्टीले एक अथक र अविचलित योद्धा गुमाएको बताउनुभयो।

उहाँले शोकको यस घडीमा स्व भण्डारीकी धर्मपत्नी सन्ध्या भण्डारी, छोरा शरद, छोरीहरू अनुपमा र सम्पूर्णतासहित सम्पूर्ण परिवारजनमा व्यक्तिगत र पार्टीका तर्फबाट गहिरो समवेदना प्रकट गर्नुभएको छ। रासस

# मोहनचन्द्र अधिकारीको ‘जगेडा जिन्दगी’ सार्वजनिक

कीर्तिपुर । राजनीतिक दलका नेताहरूले मोहनचन्द्र अधिकारीको जीवन नेपाली राजनीतिको प्रेरणादायी पाटो भएको बताएका छन् । ‘नेपाली नेल्सन मण्डेला’ का उपनामले परिचित वरिष्ठ नेता मोहनचन्द्र अधिकारीको जीवनीमा आधारित पुस्तक ‘जगेडा जीवन’ सार्वजनिक गर्न आज आयोजित कार्यक्रममा नेताहरुले यस्तो विचार व्यक्त गरेका हुन्।



पूर्वप्रधानमन्त्री झलनाथ खनालले मोहन चन्द्रको पुस्तक ७७ वर्षे कम्युनिष्ट आन्दोलनको महत्वपूर्ण दस्तावेज भएको बताउनुभयो । पूर्वप्रधानमन्त्री माधव नेपालले पुस्तकमा मोहनचन्द्र अधिकारीका थुप्रै पाटो उजागर गर्न बाँकी रहेको बताउँदै त्यसका लागि काम गर्न मोहनचन्द्र अधिकारी प्रतिष्ठानलाई अनुरोध गर्नुभयो। “एक पटक मोहनचन्द्र अधिकारीले झापा आन्दोलनको समीक्षा गरेर भन्ने र केपी ओलीले लेख्ने गरेको डायरी थियो, त्यो कता गयो खोज्नु पर्छ”, उहाँले भन्नुभयो।

उहाँका पुराना सहकर्मी पूर्वमन्त्री राधाकृष्ण मैनालीले मोहन चन्द्र झापा आन्दोलनको सुरुदेखि नै उमेर, योग्यता, जोसका हिसाबले समेत प्रेरणादायी रहेको बताउनुभयो।

झापा आन्दोलनका नेता सिपी मैनालीले ५५ वर्षअघि मोहनचन्द्र अधिकारीको जोसिलो नेतृत्वको परिणामस्वरूप आजको जनअधिकार प्राप्त भएको बताउनुभयो।

विमोचित पुस्तकमा अधिकारीले सञ्चारकर्मीसँग आफ्नो राजनीतिक जीवनबारे ‘टेप रेकर्ड’मा बोलेको विषयलाई उतारिएको उल्लेख गरिएको थियो। विक्रम संवत् १९९४ मा जन्मिएका अधिकारी आफ्नो काका मनमोहन अधिकारीदेखि मावलतर्फकाबिपीकोइरालासम्मको सामीप्य फलस्वरूप राजनीतिमा लाग्नुभएको थियो।

सुरुमै कम्युनिष्ट राजनीतिप्रति आकर्षित उहाँ २०११ सालमा कम्युनिष्ट पार्टीको सदस्यता पाउनुभएको थियो । राजनीतिक जीवनमा पहिलो पटक २०१५ सालमै जेल पर्नुभएका उहाँले पटक पटक गरी १० वटा जेलमा १७ वर्ष बिताउनुभएको थियो।

पुस्तक र अधिकारीको जीवनबारे बोल्दै एमाले नेता युवराज ज्ञवालीले मोहनचन्द्र अध्यात्म र भौतिकवाद समन्वय हुनुपर्छ भन्ने र गीताको राम्रो अध्ययन गरेका कम्युनिष्ट भएको बताउनुभयो।

विसं २०४६ मा रिहा भएका मोहनचन्द्रलाई आन्दोलनका सर्वोच्च नेता गणेशमान सिंहले त्रिचन्द्र क्याम्पसमा भएको एक कार्यक्रममा ‘नेपालको नेल्सन मण्डेला’को सङ्ज्ञा दिनुभएकोथियो। लगत्तै भारतका पूर्वप्रधानमन्त्री चन्द्र शेखरले दिल्लीको जवाहरलाल नेहरु विश्वविद्यालयमा ‘एसियाको नेल्सन मण्डेला’ भनेपछि उहाँ नेपालको नेल्सन मण्डेलाको नामले चिनिन थाल्नुभएको थियो। २०५९ सालको एमाले महाधिवेशनमा चिनियाँ क्रान्ति शैलीको नीति हुनुपर्ने विचार लिएका मोहनचन्द्र २०५० देखि २०५६ सम्म राष्ट्रियसभा सदस्य हुनुहुन्थ्यो।

वरिष्ठ चिकित्सक सुन्दरमणि दीक्षितले मोहन चन्द्रको सङ्घर्षबारे नयाँ पुस्तालाई थाहा दिनुपर्ने बताउनुभयो । पूर्वगृहमन्त्री रमेश लेखकले एउटा पुस्ताको कठोर सङ्घर्षबाट अहिलेको लोकतन्त्र आएको हो भन्ने कुरा बुझाउनका लागि मोहनचन्द्र जस्ता नेताको जीवनी भएका पुस्तक आउनु सकारात्मक भएको बताउनुभयो।

नेता अधिकारीले कम्युनिष्ट पार्टीको नेतृत्वमा सर्वहारा नभएकाले कम्युनिष्ट आन्दोलनले सोचेको सफलता नपाएको बताउनुभयो। रासस

# ‘बाल इजलास र बाल निगरानी कक्ष आवश्यक छ’

नेपालगञ्ज । बाल न्याय प्रणालीलाई प्रभावकारी बनाउन बाल इजलास र बाल निगरानी कक्ष आवश्यक रहेकामा जोड दिइएको छ। केन्द्रीय बाल न्याय समितिको सचिवालयले आज यहाँ आयोजना गरेको बाल न्याय सुदृढीकरणसम्बन्धी अन्तरक्रिया कार्यक्रममा बाल न्याय प्रणालीमा अवलम्बन गरिने विधिबारे छलफल गरिएको हो।



कार्यक्रममा उच्च अदालत तुल्सीपुर नेपालगञ्ज इजलासका मुख्य न्यायाधीश बामदेव ज्ञवालीले बाल न्यायलाई बाल संरक्षणको विषयका रूपमा प्राथमिकतामा राख्नुपर्नेमा जोड दिँदै बालबालिकाद्वारा भएका/गरिएका गलत कामलाई अनुसन्धान गर्दा संवेदनशील हुनुपर्ने बताउनुभयो। उहाँले बाल न्यायमा महसुस गराउन सक्नुपर्ने सोका लागि जम्मेवार बनाउन जरुरी रहेको उल्लेख गर्दै उहाँले बाल बिज्याइँकर्ताको पुनःस्थापना र पुनः एकीकरणमा जोड दिन आग्रह गर्नुभयो।

न्यायाधीश ज्ञवालीले भन्नुभयो, “बालसुधार गृहमा रहने बालबालिकाको सङ्ख्या बढ्दै गएको छ, यो चुनौतीपूर्ण छ।” बालसुधार गृहमा बाल बिज्याइँकर्ताको रुचिको विषयमा कसैको ध्यान नगएको भन्दै उहाँले कानुनी विवादमा परेका बालबालिकालाई समाजमा पुनःस्थापना गर्न सहकार्य र समन्वयको आवश्यकता औँल्याउनुभयो।

सर्वोच्च अदालतका रजिष्ट्रार एवं केन्द्रीय बाल न्याय समितिका सदस्यसचिव मानबहादुर कार्कीले केही अदालतमा बाल इजलासको अभ्यास सुरु भएको जानकारी दिँदै बाल न्यायमा विगतमा भन्दा सुधार हुँदै गएको बताउनुभयो। उहाँले भन्नुभयो, “कतिपय स्थानमा बाल इजलासको अभ्यास सञ्चालन भइरहेका छन्। साथै भौतिक पूर्वाधारको विकास पनि हुँदै गएको छ।”

जिल्ला अदालत बाँकेका न्यायाधीश दीपककुमार दाहालले बालबालिकामा अपराध गर्ने बानीको विकास हुन नदिन परिवार र समाज सजग हुनुपर्नेमा जोड दिँदै बालसुधार गृहलाई बालमैत्री बनाउन भौतिक संरचना र स्रोतसाधनको पर्याप्तता हुनुपर्ने धारणा राख्नुभयो। उहाँले बालसुधार गृहलाई प्रभावकारी रूपमा सञ्चालन गर्न भौतिक संरचना र स्रोतसाधनको अभाव भएकाले समस्या भइरहेको बताउनुभयो। उहाँले बालसुधारमा सोधपुछ गर्न ‘भर्चुअल’ प्रणाली अभ्यासमा ल्याउन आग्रह गर्नुभयो।

केन्द्रीय बाल न्याय समितिको सचिवालयलका उपसचिव घनश्याम सुवेदीले बाल न्यायका विषयमा यसका चुनौती र अनुभव आदानप्रदान भएको बताउनुभयो। उहाँले भन्नुभयो, “बाल न्यायका विषयमा सबै तहका सरकारले कानुन निर्माण गरी कार्यान्वयनमा ल्याए बाल न्याय प्रणाली प्रभावकारी हुन सक्छ।”

बालसुधार गृहका प्रतिनिधि, बाल कल्याण अधिकारी, बालअधिकारकर्मीलगायतको सहभागिता रहेका सो कार्यक्रममा बर्दिया जिल्ला अदालतका न्यायाधीश मनोज श्रेष्ठ, कानुन व्यवसायी विश्वजित तिवारी, पवन गुप्ता प्रहरी निरीक्षक केशव केसीलगायतले बालसुधारका विषय आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो। रासस

# इप्पानको विधान संशोधन, सबै पदमा उम्मेदवार हुन पाउने व्यवस्था




काठमाण्डु । स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) ले विधान संशोधन गरी सबै पदमा सबै उम्मेदवार हुन पाउने व्यवस्था गरेको छ।

इप्पानले वार्षिक साधारणसभाबाट वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने विधान २०७८ लाई संशोधन गरी सबै पदमा चुनाव गराउने गरी व्यवस्था गरेको हो। यस्तै, अध्यक्षको हकमा एक कार्यकालमा कार्यसमितिमा रहिसकेको हुनुपर्ने व्यवस्था गरिएको छ।

विधानमा संशोधन गरी पाँच उपाध्यक्षको सङ्ख्या सात बनाएको छ । पाँच सचिवलाई सात र स्थायी आमन्त्रित सदस्यका रुपमा पाँच जनालाई मनोयन गर्ने व्यवस्था गरिएको छ।

यो विधान जिल्ला प्रशासन कार्यालयबाट स्वीकृत भएपछि पूर्ण रुपमा कार्यान्वयनमा आउनेछ । इप्पानका निर्वतमान अध्यक्ष गणेश कार्कीले संस्थालाई बढीभन्दा बढी समावेशी र लोकतान्त्रिक अभ्यास गर्ने थलोका रुपमा विकास गर्नेगरी विधान संशोधन गरिएको जानकारी दिनुभयो।

पारित भएको विधानअनुसार, इप्पानको अध्यक्ष र वरिष्ठ उपाध्यक्ष हुन कुनै राजनीतिक दलमा आबद्ध हुनु नहुने र कुनै समय भएमा त्यागेको प्रमाण पेस गर्नुपर्ने पनि संशोधित विधानमा उल्लेख छ।

इप्पानको २४औँ वार्षिक साधारणसभा एवं आठौँ अधिवेशनबाट मोहन डाँगीको नेतृत्वमा २५ नयाँ कार्यसमिति चयन भएको छ । आज बिहान सम्पन्न अधिवेशनले २७ सदस्यीय कार्यसमितिमध्ये डाँगी नेतृत्वमा कोषाध्यक्षबाहेक सर्वसहमतिमा २५ कार्यसमिति चयन भएको हो।

नयाँ कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा उत्तम ब्लोन लामा तथा उपाध्यक्षहरुमा उत्तरकुमार श्रेष्ठ, नरेन्द्र बल्लभ पन्त, विक्रम विष्ट, सुसन कर्माचार्य र हिमप्रसाद पाठक निर्वाचित हुनुभएको छ।

वार्षिक साधारणसभाबाट पारित नयाँ संशोधित विधानअनुसार उपाध्यक्षमा बलराम खतिवडा र प्रकाशचन्द्र दुलाललाई थप गरी सात उपाध्यक्ष पुर्याइएको छ। यसैगरी, महासचिवमा टिएन आचार्य चयन हुनुभएको छ। रासस

## पाल्पामा ८४२ एचआइभी सङ्क्रमितः

# नियमित औषधि सेवन गर्ने ३५४ जना

तानसेन । जिल्लामा हालसम्म ८४२ जना ह्युमन इम्युनोडेफिसिएन्सी भाइरस (एचआइभी) सङ्क्रमित छन् । जिल्लास्थित स्वास्थ्य कार्यालयका क्षयकुष्ट रोग अधिकृत विश्वनाथ न्यौपानेका अनुसार जिल्लामा हालसम्म रहेका एचआइभी सङ्क्रमितमध्ये ३५४ जनाले नियमित औषधि सेवन गरिरहेका छन्।



विभिन्न कारणले एचआइभी सङ्क्रमण भएकाहरूले पाल्पा अस्पताल र रामपुर अस्पतालका ‘एआरटी सेन्टर’ बाट नियमित औषधि सेवन गरिरहेका हुन् । औषधि सेवन गर्नेमध्ये १२ जना बालबालिका रहेका न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार गत आर्थिक वर्षमा पाँच जना एचआइभी सङ्क्रमितको मृत्यु भएको थियो।

जिल्लामा सङ्क्रमितको सङ्ख्या थप हुन सक्ने भन्दै क्षयकुष्ट रोग अधिकृत न्यौपानेका अनुसार अपमान, भेद्भाव र लाञ्छनाका कारण समाजमा खुल्न सकिरहेका छैनन्। समाज हुनसक्ने तिरस्कारको डरले अझै पनि केही सङ्क्रमित खुल्न नसकेका उहाँको भनाइ छ । नेपालमा सुईद्वारा लागुपदार्थ प्रयोग गर्ने, यौनकर्मी, पुरुष समलिङ्गी तथा तेस्रोलिङ्गी र रोजगारीका लागि विदेशिनेहरू एचआइभीको उच्च जोखिममा रहेका उहाँले जानकारी दिनुभयो।

यसैबीच, स्वास्थ्य कार्यालय पाल्पाले सचेतना फैलाउन जनप्रतिनिधि, पत्रकार, प्रहरी र एचआइभी सङ्क्रमित तथा जोखिम समूहबीच अभिमुखीकरण कार्यक्रम गरेको छ। कार्यक्रममा सहभागीहरूले एचआइभी सङ्क्रमितले नियमित रूपमा चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गर्नुपर्नेमा जोड दिएका छन्।

समयमा, नियमित औषधि सेवन गर्दा भाइरसको प्रभाव नियन्त्रणमा रहने, रोग प्रतिरोधात्मक क्षमता सुदृढ हुने तथा स्वस्थ जीवनयापन गर्न सहज हुने सहभागीहरूले बताएका हुन् । सङ्क्रमित व्यक्तिले एन्टिरिट्रोभाइरल थेरापी (एआरटी) नियमित रूपमा सेवन गरेमा शरीरमा भाइरसको मात्रा न्यून रहने क्षयकुष्ट रोग अधिकृत न्यौपानेले बताउनुभयो।

सरोकार भएका निकायका प्रतिनिधिले औषधि सेवनमा लापरबाही गर्दा उपचारको प्रभावकारिता घट्न सक्ने र स्वास्थ्य अवस्था जटिल बन्न सक्नेतर्फ सचेत गराएका छन् । जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख टुकप्रसाद पोखरेलले सङ्क्रमितलाई नियमित स्वास्थ्य परीक्षण गराउन, सन्तुलित आहार लिन र स्वस्थ जीवनशैली अपनाउन सुझाव दिनुभयो।

नेपाल परिवार नियोजन सङ्घ पाल्पाका प्रबन्धक शोवाकान्त न्यौपानेले एचआइभी लागेका व्यक्तिले नकारात्मक सोच राख्न नहुने भन्दै आधारभूत सेवा, शिक्षा, स्वास्थ्य र रोजगारबाट वञ्चित गराउन नहुनेमा जोड दिनुभयो।

प्रतिबद्ध समूहकी प्रबन्धक अस्मिता भण्डारीले सङ्क्रमितहरू समाजको भय र त्रासले खुल्न नसकेका भन्दै सचेतनाको विकास गरी सङ्क्रमितलाई त्रासरहित वातावरणमा बाँच्न पाउने वातावरण सुनिश्चित गराउन सबैले सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल पत्रकार महासङ्घ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनालेसञ्चारमाध्यमबाटयसबारे सचेतनामूलक सामग्री प्रचारप्रसार गरी समाज परिवर्तनमा भूमिका निर्वाह गर्न सबै सञ्चारकर्मीलाई आग्रह गर्नुभयो। रासस

## रास्वपाको बागमती अधिवेशनः
# विद्युतीय मेसिनबाट मतदानको तयारी



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीको बागमती प्रदेशको अधिवेशनअन्तर्गत केहीबेरपछि मतदान हुँदैछ । धुम्बाराहीस्थित एक पार्टी प्यालेसमा विद्युतीय मतदान मेसिनमार्फत मतदान गराउने तयारी भइरहेको केन्द्रीय निर्वाचन आयोगले जनाएको छ ।

मतदानको समय साँझ ५ बजेसम्म तोकिएको छ ।

निर्वाचन आयोगले मतदाता तथाप्रतिनिधिलाई मतदानस्थलमा प्रवेश गर्न र मतदान गर्नका लागि आधिकारिक फोटोसहितको पार्टीले उपलब्ध गराएको आधिकारिक परिचयपत्रसँगै लेभी बुझाएको प्रमाण अनिवार्यरुपमा ल्याउन आग्रह गरेको छ ।

निर्धारित समयभित्रै मतदान केन्द्रमा उपस्थित भएर मताधिकार प्रयोग गर्न आयोगले अनुरोध गरेको छ । मतदान स्थल र सोको वरपर निर्वाचन आचरसंहिताको पूर्णरुपमा पालना गर्न र शान्तिपूर्ण तथा सौहर्दपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गर्न आह्वान गरेको छ ।

यही जेठ २६ गते सो पार्टीको बागमती प्रदेशको हेटौँडामा सुरु भएको अविधेशन प्राविधिक र व्यवस्थापकीय कारणले स्थगन भएकोथियो।अधिवशेनअन्तर्गतका निर्वाचन प्रक्रियाका सम्पूर्ण प्राविधिक कार्य सम्पन्न भएको आयोगले जनाएको छ ।

आयोगको टोलीले मतदाता नामावली प्रमाणीकरण, समायोजन सूचीको व्यवस्थापन र प्रविधिक परीक्षण गरेको थियो । बागमती प्रदेशमा एक हजार बढी मतदाता रहेका छन् । आगामी असार ७ देखि ९ गतेसम्म चितवनमा रास्वपाको राष्ट्रिय महासधिवशेन हुँदैछ । रासस

# नेपाललाई आरोग्य पर्यटनको अन्तरराष्ट्रिय गन्तव्यका रूपमा विकास गर्नेछौँः पर्यटनमन्त्री

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेलले नेपाललाई आरोग्य पर्यटनको अन्तरराष्ट्रिय गन्तव्यका रूपमा स्थापित गर्ने बताउनुभएको छ । नेपाल पर्यटन बोर्ड र स्पा संघ नेपालको आयोजनामा विश्व आरोग्य दिवसका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा उहाँले आगामी दश वर्षलाई ' आरोग्य दशक'का रूपमा मनाउने तयारी भइरहेको जानकारी दिनुभयो ।

मन्त्री पौडेलले आरोग्य दशक मनाउनका लागि आवश्यक नीति तथा रणनीति निर्माण प्रक्रिया अघि बढिरहेको बताउनुभयो । आरोग्य पर्यटन अध्ययनलाई होटल व्यवस्थापन प्रतिष्ठान (नाथम) मार्फत स्नातक तथा स्नातकोत्तर तहसम्म विस्तार गर्ने तयारी भइरहेको उहाँको भनाइ छ ।

मन्त्री पौडेलले नेपाल आध्यात्मिक भूमि भएकाले यहाँको हिमाल, नदी, वनजङ्गल र प्राकृतिक वातावरणले मानिसलाई आत्मिक शान्ति र सकारात्मक ऊर्जा प्रदान गर्ने बताउनुभयो । "पर्यटनको सबैभन्दा ठूलो आधार खुसी हो, आजको विश्वले सबैभन्दा बढी खोजिरहेको विषय पनि खुसी हो । नेपालसँग आध्यात्मिकता, योग, ध्यान, प्राकृतिक उपचार र आरोग्य जीवनशैलीको अनुपम सम्भावना छ, जसलाई व्यवस्थित रूपमा विकास गर्न सरकार प्रतिबद्ध छ", उहाँले भन्नुभयो ।

कार्यक्रममा स्पा संघ नेपालका अध्यक्ष सुरेश पुरीले विश्वभर करिब ७० करोड मानिस आरोग्य पर्यटनसँग



आबद्ध रहेका उल्लेख गर्दै स्पालाई केवल विश्राम र मनोरञ्जनको माध्यमका रूपमा मात्र नभई रोगको रोकथाम र स्वस्थ जीवनशैलीको महत्वपूर्ण अङ्गका रूपमा बुझ्नुपर्ने बताउनुभयो ।

उहाँले स्पा तथा आरोग्य क्षेत्रको व्यवस्थित विकासका लागि स्पष्ट कार्यविधि, अन्तरराष्ट्रियस्तरको सेवा प्रणाली तथा तीन महिनाको व्यावसायिक तालिम र प्रमाणीकरण प्रणाली आवश्यक रहेको उल्लेख गर्नुभयो । "विश्व आरोग्य दिवस विगत १५ वर्षदेखि निरन्तर मनाइँदै आएको छ, नेपालमा पनि आरोग्य पर्यटनलाई राष्ट्रिय प्राथमिकतामा राखेर अघि बढ्न आवश्यक छ", उहाँले भन्नुभयो ।

नेपाल पर्यटन बोर्डका निमित्त निर्देशक लक्ष्मण गौतमले स्पाको इतिहास बेल्जियमका तातोपानीको कुण्डसँग जोडिएको स्मरण गर्दै नेपालमा आयुर्वेद जीवनशैलीकै अभिन्न हिस्सा रहेको बताउनुभयो । उहाँले स्पा क्षेत्रलाई सम्मानित र व्यावसायिक पेसाका रूपमा विकास गर्नु समयको आवश्यकता रहेकाले सरकारले सोको तयारी गर्नुपर्नेमा जोड दिनुभयो ।

स्पा संघ नेपालका सचिव रामदेव महतोले आधुनिक समाजमा स्पा केवल मसाजको पर्याय नभई शारीरिक, मानसिक र भावनात्मक स्वास्थ्य प्रवर्द्धन गर्ने प्रभावकारी माध्यम बनेको बताउनुभयो । बढ्दो तनाव, व्यस्त जीवनशैली र मानसिक दबाबबाट मुक्ति दिलाउन स्पा सेवाले महत्वपूर्ण भूमिका खेलिरहेको उहाँको भनाइ छ । उहाँले आरोग्य पर्यटनको विस्तारसँगै स्पा सेवा मानसिक शान्ति, स्वस्थ जीवनशैली र समग्र कल्याणको आधार बन्दै गएको उल्लेख गर्नुभयो ।

अन्तरराष्ट्रिय आरोग्यविज्ञ डोनाल्ड चाले नेपाल आफैँमा आरोग्यको प्रतीक रहेको भन्दै योग, ध्यान, उपचार पद्धति, स्पा तथा आध्यात्मिक अभ्यासलाई आर्थिक मूल्यमा रूपान्तरण गरी पर्यटन उद्योगको महत्वपूर्ण आधार बनाउनुपर्ने बताउनुभयो । मलेसिया स्पा सङ्घका प्रतिनिधि खेम धामीले स्वस्थ भोजन, स्वस्थ जीवनशैली र क्यान्सर जस्ता रोगविरुद्ध जनचेतना अभिवृद्धिका लागि विश्व आरोग्य दिवससँग सम्बन्धित अभियान आगामी वर्षमा पनि निरन्तर सञ्चालन गरिने जानकारी दिनुभयो ।

आरोग्य पर्यटन, योग, ध्यान, आयुर्वेद, प्राकृतिकउपचाररस्पासेवाकोसमन्वयमार्फत नेपाललाई विश्वस्तरीय आरोग्य गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्यसहित यो कार्यक्रम आयोजना गरिएको स्पा सङ्घ नेपालका महासचिव अमृत थोकरले जानकारी दिनुभयो । उहाँले स्पा आयुर्वेद जीवनशैलीसँग जोडिएको विषय भएकाले वर्तमान समयमा स्वस्थ जीवनशैलीका लागि यसको महत्त्व रहेको धारणा राख्नुभयो । रासस

## 'बस्ती खाली गराउने क्रममा भएका त्रुटिलाई सरकारले सच्याउनुपर्छ'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली काँग्रेसका सभापति गगनकुमार थापाले बस्ती खाली गराउने क्रममा भएका त्रुटिलाई सरकारले सच्याउनुपर्ने बताएका छन् । काठमाण्डु महानगरपालिका वडा नम्बर ८ ले शनिबार काठमाण्डुमा आयोजना गरेको सम्मान कार्यक्रममा सभापति थापाले केहि स्थानमा स्थानीयसँग यसअघि गरिएका प्रतिबद्धता पुरा नगरी बस्ती खाली गर्ने काम भएको भन्दै सरकारका तर्फबाट भएका कमी कमजोरीलाई सच्याउनुपर्ने बताए ।

लोकतन्त्रमा सरकारले आफूले गरेका निर्णयहरू तलमाथि गर्दिन भनेर सोच्न नहुने उनले बताए । उनले नागरिकहरूले सरकारका निर्णयमाथि प्रश्न उठाए भने ती निर्णयहरू बदल्ने कुरालाई ठुलो इगोको विषय बनाउन नहुने उनले बताए ।

सभापति थापाले पशुपति छेउछाउका बस्ती हटाउने विषयमा समेत सरकारले पुनर्विचार गर्नुपर्नेमा जोड दिए । स्थानीय कला संस्कृति र परम्पराको संवेदनशीलता नबुझीकन हठातमा निर्णय लिए त्यसको प्रभाव व्यक्तिलाई मात्रै नभई जात्रा, पर्व, संस्कृति, परम्परा सबैलाई पर्ने उनको भनाइ छ ।

सभापति थापाले पशुपति नजिकका पुराना बस्तीहरूलाई हटाउने कुरा सँगसँगै थुप्रै कुराहरू मेटिएर जान सक्नेतर्फ सरकारको ध्यानाकर्षण समेत गराए ।

## हिमालयदेखि एन्डिजसम्मः
# नेपाल–पेरु मित्रताका ५० वर्ष

काठमाण्डु । पेरुको राष्ट्रिय दिवस तथा नेपाल-पेरुबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औँ वार्षिकोत्सवका अवसरमा शुक्रबार साँझ काठमाडौँमा एक विशेष स्वागत समारोह आयोजना गरिएको छ ।

भारत तथा नेपालका लागि पेरुका राजदूत हाभियर पाउलिनिच र काठमाडौँस्थित पेरुका अवैतनिक वाणिज्यदूत सुमितकुमार अग्रवालद्वारा संयुक्त रूपमा आयोजित उक्त समारोहमा नेपाल सरकारका उच्च अधिकारी, परराष्ट्र मन्त्रालयका प्रतिनिधि, कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधि, अवैतनिक वाणिज्यदूतहरू, व्यवसायी, सञ्चारकर्मी तथा अन्य विशिष्ट व्यक्तित्वहरूको सहभागिता रहेको थियो ।

समारोहलाई सम्बोधन गर्दै राजदूत पाउलिनिचले पेरुको राष्ट्रिय दिवसको शुभकामना व्यक्त गर्दै नेपाल सरकार तथा नेपाली जनताप्रति मित्रता र सद् भावका लागि आभार व्यक्त गर्नुभयो । उहाँले नेपाल र पेरुबीचको सम्बन्ध विगत पाँच दशकदेखि मित्रता, आपसी सम्मान र सौहार्दपूर्ण सहकार्यमा आधारित रहेको उल्लेख गर्नुभयो । "यस



वर्ष नेपाल र पेरुबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५० वर्ष पूरा भएको ऐतिहासिक अवसर हो । विगत पाँच दशकमा हाम्रो सम्बन्ध मित्रता, आपसी सम्मान र सहकार्यमा आधारित रहँदै आएको छ", उहाँले भन्नुभयो ।

राजदूत पाउलिनिचले हिमालय र एन्डिज पर्वत शृत लाले दुवै देशका जनजीवन, संस्कृति र राष्ट्रिय पहिचानलाई गहिरो रूपमा प्रभावित गरेको उल्लेख गर्दै नेपाल र पेरुबीच विशेष प्रकारको आत्मीयता रहेको बताउनुभयो ।

पर्वतीय भौगोलिक अवस्थाले सिर्जना गर्ने अवसर र चुनौतीको सामना गर्न दुवै देशले आआफ्नो अनुभव विकास गरेको भन्दै उहाँले सहकार्य र सम्भावना सिर्जना गरेको बताउनुभयो ।

उहाँले राजनीतिक संवाद, आर्थिक तथा व्यापारिक आदानप्रदान, शैक्षिक तथा सांस्कृतिक सम्बन्ध तथा जनस्तरको सम्पर्कलाई अझ सुदृढ बनाउन पेरु प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।

साथै, उच्च पहाडी कृषि, जलस्रोत व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण, पर्वतीय तथा ग्रामीण पर्यटन, नवीकरणीय ऊर्जा तथा दिगो विकासका क्षेत्रमा नेपाल र पेरुबीच सहकार्य विस्तार गर्न सकिने सम्भावना रहेको बताउनुभयो ।

कार्यक्रममा अवैतनिक वाणिज्यदूत अग्रवालले नेपालमा पेरुको अवैतनिक वाणिज्यदूतको जिम्मेवारी निर्वाह गर्न पाउँदा गौरव महसुस भएको बताउनुभयो । उहाँले नेपाल र पेरुबीचको आधा शताब्दी लामो मित्रतालाई अझ उचाइमा पुऱ्याउन आफू प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो ।

"हामीले मित्रताको आधा शताब्दी पूरा गरेका छौँ । अब द्विपक्षीय सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउँदै दुवै देशका लागि समृद्ध भविष्य निर्माण गर्नुपर्छ", उहाँले भन्नुभयो ।

अग्रवालले आगामी दिनमा लगानी, कृषि, पर्यटन, व्यापार तथा प्रविधि हस्तान्तरणका क्षेत्रमा सहकार्य विस्तार गर्न विशेष पहल गर्ने बताउनुभयो । उहाँले दुवै देशका उद्योग वाणिज्य सङ्घबीच सहकार्य बढाएर आर्थिक सम्बन्धलाई थप सुदृढ बनाउने लक्ष्य रहेको उल्लेख गर्नुभयो ।

राजदूत पाउलिनिचले नेपालमा पेरुको प्रवर्द्धन तथा दुई देशबीचको मित्रता र सहकार्यलाई मजबुत बनाउन अग्रवालले पुऱ्याएको योगदानको विशेष प्रशंसा गर्नुभयो ।

नेपाल र पेरुबीच सन् १९७६ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । विगत पाँच दशकमा दुवै देशले आपसी सम्मान, मित्रता र सहयोगका आधारमा सम्बन्धलाई निरन्तर विस्तार गर्दै आएका छन् । स्वर्णजयन्तीका अवसरमा दुवै पक्षले आगामी दिनमा सम्बन्धलाई अझ व्यापक, परिणाममुखी र जनस्तरसम्म लाभ पुग्नेगरी अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

समारोहमा नेपाल-पेरु मित्रता आगामी वर्षमा अझ सुदृढ बन्दै जाने तथा हिमालय र एन्डिजलाई जोड्ने सहकार्यका नयाँ आयाम खुल्ने विश्वास व्यक्त गरिएको थियो । रासस

# रास्वपा गण्डकीको सभापतिमा नवीन त्रिपाठी निर्वाचित

कास्की । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गण्डकी प्रदेश समिति सभापतिमा कास्कीका नवीन त्रिपाठी विजयी हुनुभएको छ । रास्वपाको शुक्रबारदेखी पोखरामा प्रथम अधिवेशन सुरु भएको थियो । नयाँ नेतृत्वका लागि शुक्रबार राति भएको मतदानको आज बिहान सम्पन्न मतगणनामा त्रिपाठीले २३४ मत ल्याएर विजयी हुनुभएको हो ।

उहाँ प्रदेश समितिको निर्वतमान महामन्त्री समेत हुनुहुन्छ । सभापतिका प्रत्याशीहरू निर्वतमान सभापति एवं प्रतिनिधिसभाका सांसद राजन गौतमले १८२, माधव कँडेलले ११ र डा हरि कार्कीले २ मत प्राप्त गर्नुभयो । रास्वपाको विधानमा सभापति निर्वाचित हुन कुल मतदानको ५१ प्रतिशत मत पाउनुपर्ने व्यवस्था छ । त्रिपाठीले पहिलो चरणमै उक्त मत पाएर निर्वाचित हुनुभएको निर्वाचन समितिका संयोजक डा राम गुरुङले जानकारी दिनुभयो । अधिवेशनमा कूल ७८० प्रतिनिधी रहे पनि ४३७ जनाले मात्र मतदानमा सहभागिता जनाएका थिए ।



रास्वपा गण्डकी प्रदेशको सदस्यका लागि ५१ जनाले उम्मेद्वारी दिएका थिए । जसमध्येबाट विभिन्न कलस्टरसहित ३३ जना निर्वाचित हुन्छन् । ५१ आकांक्षीमध्ये क्षेत्रगत प्रदेश सदस्यका लागि २८ जना उम्मेद्वार छन् । यी २८ जनाबाट गण्डकी प्रदेशको १८ वटा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रका १/१ जना निर्वाचित हुन्छन् । समावेशी प्रदेश सदस्यका लागि २३ जनाको उम्मेद्वारी परेको थियो । प्रदेश सदस्यका लागि ५१ आकांक्षीमध्ये १२ जना निर्विरोध निर्वाचित भएका छन् । क्षेत्रगत प्रदेश सदस्यतर्फबाट बागलुङ-१ का मीना शर्मा आचार्य, गोरखा-१ बाट मनोज गुरुङ, गोरखा-२ बाट बलबहादुर घले, लमजुङबाट विजय पराजुली, म्याग्दीबाट ताराबहादुर कार्की र तनहुँ-१ बाट सूर्यमणि पौडेल निर्विरोध निर्वाचित हुनुभएको निर्वाचन समितिले जनाएको छ ।

प्रदेश समावेशी सदस्यमा खसआर्य महिलाबाट सीताकुमारी अर्याल, कृष्णकुमारी अधिकारी (अनिशा) र राममाया बस्ताकोटी निर्विरोध निर्वाचित हुनुभएको छ । मुस्लिम महिलाबाट समिउन निशा, दलित महिलाबाट गीता विश्वकर्मा र अपाङ्गता भएका खसआर्यबाट यदुनाथ सिग्देल निर्विरोध निर्वाचित भएको जनाइएको छ । अधिवेशनको शुक्रबार पार्टीका महामन्त्री कविन्द्र बुर्लाकोटीले उद्घाटन गर्नुभएको थियो । रासस

## प्रधानमन्त्रीको अभिव्यक्तिविरुद्ध माइतीघरमा प्रदर्शन

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहले सीमा समस्याबारे दिएको विवादित अभिव्यक्तिविरुद्ध नेकपा माओवादीले काठमाण्डुमा प्रदर्शन गरेको छ ।

प्रधानमन्त्री बालेनको अभिव्यक्ति राष्ट्रघाती भएको भन्दै माओवादीका कार्यकर्ताले शनिबार काठमाण्डुको माइतिघरमा विरोध प्रदर्शन गरेका हुन् ।

उनीहरूले सुस्ताका देशभक्त नेपालीहरूलाई राज्यले सम्मान दिनुपर्ने, सीमाको रक्षाका लागि सरकार गम्भीर हुनुपर्ने भन्दै नाराबाजी समेत गरेका थिए ।

प्रदर्शनकारीहरूले सीमा अतिक्रमण बन्द गर, सुस्तामा भारतीयको हस्तक्षेपको प्रतिरोध गरौं, भौगोलिक अखण्डताको रक्षा गरौं लगायतका प्लेकार्ड समेत प्रदर्शन गरेका थिए ।


# भाषा, साहित्य र संस्कृतिबिना समृद्धि अपूरोः सञ्चारमन्त्री डा तिमिल्सिना

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले कला, साहित्य, भाषा र संस्कृति कुनै पनि राष्ट्रको शक्ति र पहिचानको आधार भएकाले तिनको संरक्षण र प्रवर्द्धनबिनाको समृद्धि अपूरो हुने बताउनुभएको छ ।

गोरखापत्र संस्थानद्वारा शनिबार यहाँ आयोजित 'मधुपर्क सम्मान-२०८३' कार्यक्रममा उहाँले मुलुकको भौतिक पूर्वाधार र आर्थिक सूचकाङ्कसँगै भाषा, साहित्य र संस्कृतिको सुदृढ विकास पनि समानान्तर रूपमा आवश्यक रहेको बताउनुभयो ।

"कला र साहित्य राष्ट्रको बल र पहिचान हो," मन्त्री तिमिल्सिनाले भन्नुभयो, "भाषा, साहित्य र संस्कृति बलिया नभएसम्म राष्ट्रको समृद्धि पूर्ण हुन सक्दैन । साहित्यलाई कसरी संरक्षण गर्न सकिन्छ भन्ने विषयमा सरकारले गम्भीरपूर्वक सोच्ने बेला आएको छ ।"

उहाँले पछिल्लो समय सामाजिक सञ्जाल साहित्यिक अभिव्यक्तिको महत्त्वपूर्ण माध्यमका रूपमा विकसित हुँदै गएको उल्लेख गर्दै बदलिँदो प्रविधिसँगै साहित्यको प्रस्तुति र पहुँचका नयाँ आयाम खुल्दै गएको बताउनुभयो । साहित्य क्षेत्रको दीर्घकालीन विकासका लागि नतिजामुखी र दिगो प्रभाव पार्ने नीतिगत व्यवस्था गर्न सरकार



प्रतिबद्ध रहेको उहाँको भनाइ थियो ।

सञ्चारमन्त्री तिमिल्सिनाले राजनीतिक क्षेत्रले साहित्य र कलाको महत्त्वलाई अपेक्षित प्राथमिकता दिन नसकेको धारणा व्यक्त गर्नुभयो । समाजलाई बुझ्न, मानव संवेदनालाई पहिचान गर्न र जीवनका विविध पक्षलाई विश्लेषण गर्न साहित्यले महत्त्वपूर्ण सहयोग गर्ने उल्लेख गर्दै उहाँले साहित्यिक चेत र अध्ययनले अन्य क्षेत्रमा काम गर्दा पनि निरन्तर सहयोग पुऱ्याएको अनुभव सुनाउनुभयो ।

उहाँले लामो इतिहास बोकेका सरकारी तथा सार्वजनिक सञ्चार संस्था तथा साहित्यिक र सांस्कृतिक संस्थाहरू आर्थिक रूपमा कमजोर बन्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै त्यस्ता संस्थालाई नयाँ जीवन दिनु र आर्थिक रूपमा सबल बनाउनु आवश्यक रहेको बताउनुभयो । "हाम्रो इतिहासको पुनर्जागरण गर्ने बेला आएको छ," उहाँले भन्नुभयो ।

समस्यामा परेका सरकारी संस्थाले सरकारबाट अतिरिक्त बजेट र सहयोगको अपेक्षा मात्र गरेर सबल हुन नसक्ने स्पष्ट पार्दै मन्त्री तिमिल्सिनाले संस्थागत कार्यशैली, व्यवस्थापन क्षमता र उत्तरदायित्वमा पनि सुधार आवश्यक रहेको बताउनुभयो ।

"सरकार व्यवस्थापक मात्रै हो, सरकारसँग भएको रकम पनि जनताकै रकम हो," उहाँले भन्नुभयो, "त्यसैले जनताको पैसा सही तरिकाले प्रयोग हुनुपर्छ । आर्थिक पक्षको कुरा मात्रै गरेर हुँदैन, कार्यशैलीमा पनि व्यापक सुधार आवश्यक छ ।"

विगतमा संस्थागत संस्कार विकास गर्न नसकिएको र सरकारी संस्थानलाई राजनीतिक कार्यकर्ता भर्ती केन्द्रका रूपमा प्रयोग गरिएका कारण धेरै संस्था कमजोर बन्न भएका उहाँको भनाइ थियो । अहिले संस्थाहरू चुनौतीपूर्ण अवस्थामा रहेको उल्लेख गर्दै उहाँले ती अवस्थाबाट माथि उठ्न सुधारको स्पष्ट मार्गचित्रसहित सरकारले काम गरिरहेको बताउनुभयो ।

"अब सुधार कसरी गर्ने भन्ने सवालमा सरकार जिम्मेवार र जवाफदेही बन्छ," मन्त्री तिमिल्सिनाले भन्नुभयो, "यसमा सबै क्षेत्रको साथ आवश्यक छ । संस्थाहरू पनि नयाँ बल, नयाँ सोच र नयाँ कार्यशैलीका साथ अघि बढेको देख्न पाइयोस् भन्ने अपेक्षा छ ।"

गोरखापत्र संस्थानलाई अझ ओजपूर्ण, व्यावसायिक र प्रतिस्पर्धी संस्थाका रूपमा विकास गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले सञ्चारमाध्यमलाई उपलब्ध गराइँदै आएको लोककल्याणकारी विज्ञापन नरोकिएको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा 'मधुपर्क सम्मान-२०८३' अन्तर्गत पद्यतर्फ वरिष्ठ साहित्यकार यादव खरेल, गद्यतर्फ वरिष्ठ कथाकार भाउपन्थी तथा 'मधुपर्क प्रतिभा सम्मान'बाट डा गीता त्रिपाठीलाई सम्मान गरिएको थियो । उहाँहरूलाई सम्मानपत्रसहित रु ५० हजार नगद प्रदान गरिएको गोरखापत्र संस्थानले जनाएको छ । मधुपर्कका पूर्वसम्पादक कपिल घिमिरेलाई पनि कार्यक्रममा सम्मान गरिएको थियो ।

सम्मानित वरिष्ठ साहित्यकार यादव खरेलले सूचना प्रविधि र कृत्रिम बौद्धिकताको तीव्र विकाससँगै साहित्यिक सिर्जना तथा पठन संस्कृतिमा ह्रास आउन थालेको चिन्ता व्यक्त गर्नुभयो । नयाँ प्रविधिको उपयोग आवश्यक भए पनि पठन संस्कृतिको संरक्षणमा विशेष ध्यान दिनुपर्नेमा उहाँको जोड थियो ।रासस

# अमेरिका-इरान सम्झौता निकै नजिकः ट्रम्प

रासस/एएफपी । अमेरिका र इरानबीच महिनौँदेखि जारी तनाव अन्त्यका लागि सम्झौता गर्ने कदमका लागि ठूलो सफलता मिल्ने आशा गरिएको छ ।

इरानका विदेशमन्त्री अब्बास अराघचीले दुई देश सम्झौताका लागि सबैभन्दा नजिक रहेको बताउनुभएको छ ।

यसैगरी, अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले सामाजिक सञ्जाल 'ट्रुथ सोशल' मा सम्झौता नजिक पुगेको भन्ने आफ्नो एक दिन पहिलेको पोस्टलाई पुनः पोष्ट गरेर सम्झौताको सम्भावनालाई थप बढावा दिनुभएको छ । पोष्टमा राष्ट्रपति ट्रम्पले सम्झौतामा हस्ताक्षर हुन अन्तिम कागजी प्रक्रिया मात्र बाँकी रहेको बताउनुभएको छ ।

प्रस्तावित सम्झौतालाई उद्धृत गर्दै अराघचीले एक्समा लेख्नुभएको छ, "इस्लामाबादको पहलमा भएको यो सम्झौता प्रस्ताव अहिलेसम्मकै सबैभन्दा धेरै बिषयमा सहमति नजिक पुगेको सहमति हो ।"

अराघचीको पोष्टको केही मिनेटपछि राष्ट्रपति ट्रम्पले ट्रुथ सोसल अकाउन्टमा उक्त पोस्ट पुनः पोस्ट गर्नुभएको थियो । यसले



प्रस्तावित सम्झौताका सर्तहरूमा मतभेदका बाबजुद वार्ता सही दिशामा अघि बढिरहेको बुझ्न सकिन्छ ।

राष्ट्रपति ट्रम्पले सम्झौता पूरा हुने विश्वास व्यक्त गरेको भोलिपल्ट अराघचीको यो टिप्पणी आएको हो ।

अमेरिकी राष्ट्रपति ट्रम्पले अमेरिकाले भर्खरै इरानसँग युद्धका विषयमा ठूलो सम्झौता गरेको भन्दै सम्झौतामा हस्ताक्षर हुन केही काम मात्र बाँकी रहेको सङ्केत गर्नुभएको छ । ट्रम्पले पत्रकारहरुसँग भन्नुभयो, "अब केवल कागजातलाई अन्तिम रूप दिन मात्र बाँकी छ । अबको केही दिनमा यो काम सम्पन्न गरिसक्नुपर्छ ।"

शुक्रबार इरानी विदेशमन्त्री अराघचीले मिडिया संगठनहरू र विश्लेषकहरूलाई वार्ता पूरा नभएसम्म सम्झौताको सामग्रीको बारेमा अनुमान नगर्न आग्रह गर्नुभएको थियो ।

उहाँले भन्नुभएको थियो, "जबसम्म यसको अन्तिम निर्णय हुँदैन, तबसम्म मिडियाले यसको सामग्रीको बारेमा अड्कलबाजी गर्नबाट टाढा रहनु पर्छ।"उहाँले प्रक्रिया पूरा भएपछि विस्तृत विवरण सार्वजनिक गरिने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको छ । हाम्रो जिम्मेवार र पारदर्शी दृष्टिकोण अनुरूप सबै विवरणहरू सही समयमा जनतासँग साझा गरिनेछ ।

पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले अमेरिका र इरानबीच मध्यपूर्वमा युद्ध अन्त्य गर्ने उद्देश्यका साथ भएको सम्झौताका शर्तमा सहमति भएको र मध्यस्थकर्ताले दुवै पक्षसँग सम्झौता गर्न काम गरिरहेको पुष्टि गर्नुभएको छ ।

प्रधानमन्त्री शहबाज सरिफले अमेरिका र इरानबीच सहमतिको सन्देश टुङ्गिएको बताउनुभएको छ । मध्यस्थताको प्रयासमा पहल गरेको पाकिस्तानले यी युद्धरत देशहरूसँग अर्को चरणमा काम गरिरहेको उहाँले बताउनुभयो । "शान्ति अहिले जस्तो नजिक कहिल्यै थिएन", शरिफले एक्समा गरेको पोस्टमा भन्नुभएको छ, "इरानले यसै साता अमेरिका र इजरायलसँग तीन दिने गतिरोध जारी राख्दै मध्यपूर्वमा ठूलो मात्रामा युद्ध सुरु गर्ने चेतावनी दिएपछि वार्तामा उल्लेखनीय प्रगति भएको हो ।"

-इरानी मिडियाद्वारा १४ बुँदे 'समझदारी पत्र' प्रकाशित-

मेहर समाचार एजेन्सीका अनुसार प्रस्तावित ढाँचाले विशेष गरी स्ट्रेट अफ होर्मुज वरपरको तनावको कारण विश्व व्यापार र ऊर्जा बजारलाई धक्का दिएको तीन महिनाको द्वन्द्व अन्त्य गर्ने उपायहरू प्रस्तुत गरेको छ । उक्त योजनामा प्रतिबन्धहरू खुकुलो पार्ने, इरानको रोक्का गरिएको सम्पत्तिमा पहुँच र क्षेत्रीय तनाव कम गर्ने उपायहरू समावेश छन् ।

इरानी मिडियाले प्रस्तावित १४ बुँदे समझदारी पत्रको विवरण भन्दै शुक्रबार समाचार प्रकाशित गरेपछि इरानी विदेशमन्त्रीले भन्नुभएको थियो, "एक्समा एक पोस्ट गर्दै खुलासा गरिएको जानकारी र लिखित रूपमा सहमति भएका सर्तहरूबीच कुनै सम्बन्ध छैन ।"

# विश्वकप आयोजक अमेरिकाको उत्कृष्ट जित



काठमाण्डु । तीन राष्ट्रमा आयोजना भइरहेको विश्वकप फुटबल प्रतियोगिताअन्तर्गत अमेरिकामा आजदेखि सुरुआत भएको समूह डी को खेलमा घरेलु टोली अमेरिकाले पाराग्वेलाई पराजित गर्दै प्रतियोतिामा सुखद सुरुआत गरेको छ ।

अमेरिकाको लस एन्जलस स्टेडियममा आज भएको खेलमा अमेरिकाले पाराग्वेलाई ४-१ गोलअन्तरले पराजित गर्दै आफ्नो उद्धाटन खेलमा सुखद सुरुआत गरेको हो । अमेरिकाको जितमा डेमियन बोबाडिल्लाले खेलको सात मिनेटमै आत्मघाती गोलमार्फत अमेरिकालाई पहिलो अग्रता दिलाए ।

स्टन म्याकेनीले गरेको प्रहार रोक्न खोज्दा पाराग्वेका खेलाडी बोबाडिल्लाले प्रहार गरेको बल आफ्नो गोलपोष्टमा प्रवेश गरेपछि अमेरिकाले पहिलो अग्रता लिएको हो ।

त्यसपछि खेलको ३१औं मिनेटमा अमेरिकाका फोलारिन बालोगुनले गोल गर्दै अमेरिकालाई दोस्रो अग्रता दिलाए । त्यस्तै खेलको पहिलो हाफको अतिरिक्त समयमा फोलिरिनले नै टोलीलाई तेस्रो तथा व्यक्तिगत दोस्रो गोल गरे । खेलको ७३औं मिनेटमा पाराग्वेका मौरिसियोले एक सान्त्वना गोल फर्काए ।

त्यसपछि खेलको दोस्रो हाफको अत्तिरिक्त समयमा अमेरिकाका जियोभानी रेयनाले गोल गर्दै आफ्नो टोलीको जित सुनिश्चित गरे । यसजितसँगै समूह डी मा रहेको अमेरिकाले शीर्ष तीन अक बटुलेको छ । समूह डी मा अमेरिकासँगै पाराग्वे, अस्ट्रेलिया र टर्की छन् । रासस

# लेबनानमा शान्तिरक्षकको हत्या भएको घटनाको राष्ट्रसंघद्वारा निन्दा



रासस/एएफपी । संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद् का सदस्यहरूले गत जुन -४ मा लेबनानमा संयुक्त राष्ट्रको अन्तरिम बल ९युनिफिल० का सर्बियाली शान्तिरक्षकको हत्या भएको घटनाको निन्दा गरेका छन् ।

सुरक्षा परिषद्ले विज्ञप्ति जारी गर्दै मोर्टारको गोलीले प्रहार गर्दा गम्भीर घाइते भएका शान्तिर(क्षकको उपचारको क्रममा मृत्यु भएको र अन्य दुई जना शान्तिरक्षकहरू घाइते भएको जनाएको छ ।

परिषद्का सदस्यहरूले संयुक्त राष्ट्र सङ्घलाई युनिफिल मार्फत आक्रमणको द्रुत अनुसन्धान गर्न आह्वान गर्दै आक्रमणका जिम्मेवार व्यक्तीहरूलाई ढिलाइ नगरी कार्वाहि गर्न र जवाफदेही बनाउन आह्वान गर्नु भएको छ ।

पछिल्लो समयमा द्धन्द्ध बढे पछि दक्षिणी लेबनानमा आफ्नो कर्तव्य निर्वाह गर्दा- गर्दै सात जना युनिफिलका शान्तिरक्षकहरूले मृत्यु वरण गर्नु का साथै अन्य धेरै घाइते भएको जनाइएको छ ।

परिषद्का सदस्यहरूले युनिफिलका लागि आफ्नो पूर्ण समर्थन रहेको पुष्टि गर्दै युनिफिलका कर्मचारी र परिसरको सुरक्षाका साथसाथै मिसनको आवागमनको स्वतन्त्रतालाई सम्मान गर्न सबै पक्षहरूलाई आग्रह गरेका छन् ।

सदस्यहरूले लेबनानको सार्वभौमिकता, स्वतन्त्रता, क्षेत्रीय अखण्डता र एकताका लागि आफ्नो प्रतिबद्धतासमेत दोहोर्‍याएका छन् । उनीहरूले अन्तर र्ष्ट्रिय समुदायलाई लेबनानी सशस्त्र बललाई उपकरण, सामग्री र वित्त लगायत सहयोगलाई तीव्र बनाउन, लिटानी नदीको दक्षिणमा उनीहरूको प्रभावकारी र दिगो तैनाती सुनिश्चित गर्न र सुरक्षा परिषद्को प्रस्ताव -१७०१ कार्यान्वयन गर्न उनीहरूको क्षमता बढाउन आह्वान गरेका छन् ।

पछिल्लो समयमा शत्रुता बढेको विषयमा चिन्ता व्यक्त गर्दै परिषद्ले सबै पक्षहरूलाई तुरुन्तै शत्रुता अन्त्य गर्न, जुन -३ को युद्धविरामको सम्मान गर्न र सुरक्षा परिषद्को प्रस्ताव -१७०१ लाई पूर्ण रूपमा कार्यान्वयन गर्न आग्रह गरेको छ ।

# निकासी आदेश पछि लेवनानमामा इजरायली आक्रमण

रासस/एएफपी । निकासी चेतावनी जारी गरेको केही समय पछि इजरायली सेनाले छापा मारी नबतीह शहर सहितका विभिन्न २० वटा स्थानहरूमा इजरायले आक्रमण गरेको लेबनानले रिपोर्ट गरेको छ ।



लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले इजरायली हवाई आक्रमणले नबातियाहबाट टाढा अवस्थित रिहान र सुजुड गाउँहरूसहित चेतावनी जारी गरिएका धेरै क्षेत्रहरूमा प्रहार गरेको बताएको छ ।

इजरायली सेनाले चेतावनीले जारी गर्दै बासिन्दाहरूलाई तुरुन्तै आफ्नो घर खाली गर्न र इजरायलसँगको दक्षिणी सीमाबाट करिब ४५ किलोमिटर टाढा जहरानी नदीको उत्तरमा जान आग्रह गरेको जनाइएको छ ।

इजरायली सेनाले गत महिना नदीको दक्षिणका सबै क्षेत्रलाई "युद्ध क्षेत्र" घोषणा गरेको थियो ।

शुक्रबार राति एनएनएले अली ताहेर पाहाड नजिकै विस्फोट तथा गोलाबारी भएको रिपोर्ट गरेको छ ।

दक्षिण लेबनानमा आक्रमण गर्ने इजरायली सेना माथि आक्रमण जारी राखेको बताउदै हेजबुल्लाहले आफ्ना लडाकुहरू मजदल जोन सहरतर्फ अघि बढिरहेको इजरायली सेनाको सामना गरेको बताएको छ ।

इजरायल र हेजबुल्लाह लामो समय देखि नै युद्धमा छन् भने इरान समर्थित समूहले लेबनानलाई मध्य पूर्वको द्वन्द्वमा इजरायलमा रकेट फायर गरेर अमेरिका-इजरायल आक्रमणमा इरानको सर्वोच्च नेताको हत्याको बदला लिन लगाएको जनाइएको छ ।

इजरायलले आक्रमणको अभियान निरन्तर जारी गर्दा लेबनानमा तीन हजार ७०० भन्दा बढी मानिसहरुको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

इजरायल र हेजबुल्लाहले अप्रिलको युद्धविरामलाई नजर अन्दाज गरेका छन् भने वासिङ्टनमा भएको लेबनानी-इजरायली प्रत्यक्ष वार्ताको चौथो चरण पछि यस महिना घोषणा गरिएको सशर्त युद्धविराम सम्झौता पनि कार्यान्वयन भएको छैन ।

हेजबुल्लाहले प्रत्यक्ष वार्ता र सशर्त सम्झौतालाई अस्वीकार गरेको छ, जसमा यसलाई आक्रमणहरू रोक्न प्रस्ताव गरिएको छ भने इजरायलाई लेबनानबाट सेना फिर्ता लिन प्रस्ताव गरिएको छ तर कुनै उल्लेख्य उपलब्धि भएको जनाइएको छैन ।

इरानले लामो समय चलेको मध्यपूर्व युद्धको अन्त्य गर्न लेबनान कुनै पनि सम्झौतामा सहभागि हुनु पर्ने एक जना वरिष्ठ अमेरिकी अधिकारीले बताउनु भएको छ ।

यद्यपी लेबनानका नेताहरूले तेहरानलाई लेबनानलाई "मोलतोल गर्ने बस्तुको को रूपमा व्यवहार गरेको आरोप लगाएका छन् ।

हेजबुल्लाहका सांसद अली फयादले शनिबार लेबनानलाई इरान युद्ध अन्त्य गर्न कुनै पनि सम्झौताको फाइदा लिन आग्रह गरेका छन् ।

लेबनानका राष्ट्रपति जोसेफ आउनले शनिबार सामाजिक सञ्जाल एक्समा लेबनानले "एक दुर्भाग्यपूर्ण परीक्षा" को सामना गरिरहेको बताउनु भएको छ ।

# 'ओलम्पिक डे' मा काँक्रेविहार 'हाफ म्याराथुन' हुने

कर्णाली । आगामी असार ८ गते 'ओलम्पिक डे'का अवसरमा सुर्खेतमा 'काँक्रेविहार राष्ट्रिय हाफ म्याराथुन' प्रतियोगिताको तेस्रो संस्करण हुने भएको छ । 'मिड वेस्ट फिट्नेस सेन्टर'ले आज वीरेन्द्रनगरमा पत्रकार सम्मेलन आयोजना गरी असार ८ गते सो प्रतियोगिता हुने जानकारी गराएको हो ।




कर्णाली प्रदेशको पर्यटकीय क्षेत्रको प्रवर्द्धन तथा प्रचारप्रसार गर्नुका साथै धावकलाई प्रतिस्पर्धाको अवसर प्रदान गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको सेन्टरका पूर्वनिर्देशक प्रमोद हमालले जानकारी दिनुभयो ।

म्याराथुन प्रतियोगिताका निर्देशक राम वलीका अनुसार प्रतियोगितामा पुरुषतर्फ २१ किलोमिटर हाफ म्याराथन, महिलातर्फ १० किलोमिटर तथा विद्यार्थीतर्फ पाँच किलोमिटर समावेश गरिएको छ । पुरुषतर्फको २१ किमी हाफ म्याराथुनमा प्रथम हुनेले रु एक लाख २५ हजार, द्वितीयले रु ५० हजार र तृतीयले रु २५ हजार, चौथो र पाँचौं हुनेलाई जनही रु १० हजार प्रदान गरिने आयोजकले जनाएको छ ।

त्यसैगरी, महिलातर्फको १० किमीमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमश रु ३०, रु २० र रु १० हजार तथा चौथो र पाँचौं स्थान हासिल गर्नेलाई जनही रु पाँच/पाँच हजार प्राप्त गर्नेछन् । विद्यार्थी समूहतर्फ पाँच किमीमा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः रु १५, रु १० र रु पाँच हजार तथा चौथो र पाँचौं हुनेलाई जनही रु दुई हजार पुरस्कारको व्यवस्था गरिएको प्रतियोगिताका निर्देशक वलीले जानकारी दिनुभयो ।

आयोजकका अनुसार प्रतियोगिताले कर्णाली प्रदेशका उदीयमान धावकलाई राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्नाका साथै प्रदेशको पर्यटन प्रवर्द्धनमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । उक्त प्रतियोगिताका लागि कर्णाली प्रदेश खेलकुद विकास परिषद् सुर्खेतले रु १० लाख आर्थिक सहयोग गरेको छ । रासस

# नेपाल र चीनका सगरमाथा आरोही बेजिङमा सम्मानित




बेइजिङ । चीनको राजधानी बेइजिङमा आरोही तथा सङ्घीय सांसद मिङ्मा ग्याबु शेर्पासहित नेपाल र चीन करिब ५० जना सगरमाथा आरोही सम्मानित हुनुभएको छ ।

त्रिहत्तरौँ सगरमाथा दिवसका अवसरमा यहाँस्थित नेपाली राजदूतावासले शुक्रबार साँझ आयोजना गरेको 'नेपाल-चीन सगरमाथा (माउन्ट एभरेष्ट) एड्भेन्चर फेस्टिभल'मा आरोहीहरु सम्मानित हुनुभएको नेपाली दूतावासले जनाएको छ ।

पूर्वउपसभामुख इन्दिरा राना मगर र नेपाली राजदूतावासकी कार्यवाहक राजदूत रोशन खनालले २९ चिनियाँ र २४ नेपाली आरोहीलाई सम्मानपत्र प्रदान गर्नुभएको थियो ।

नेपालका पर्वतीय पर्यटनको प्रवर्द्धन तथा नेपाली र चिनियाँ पर्वतारोहण तथा पर्यटन व्यवसायीबीच सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो ।

त्यस अवसरमा चीनका लागि नेपालका कार्यवाहक राजदूत खनालले सगरमाथाको महत्व, साहसिक पर्यटनको भावना तथा विश्व पर्वतारोहण समुदायको केन्द्रका रूपमा नेपालको भूमिकाबारे प्रकाश पार्नुभयो । उहाँले यस्ता कार्यक्रमले नेपाल-चीन जनस्तरको सम्बन्धलाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

प्रतिनिधिसभा सदस्य तथा सगरमाथा आरोही मिङ्मा ग्याबु शेर्पाले नेपाल-चीन पर्यटन सहकार्यलाई अझ गहिरो बनाउनुपर्ने आवश्यकता औँल्यउनुभयो । नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष फुर गेल्जे शेर्पाले पर्वतीय पर्यटन प्रवर्द्धनका लागि दुई देशबीच संयुक्त पहल आवश्यक रहेको बताउनुभयो ।

नेपाली दूतावासका काउन्सलर विवेक रिजालले नेपालका पर्यटकीय गन्तव्यहरूको परिचय समेटिएको प्रस्तुति दिनुभएको थियो । नेपालका कीर्तिमानी आरोही लाक्पा डेण्डी शेर्पा र चिनियाँ आरोहीद्वय चाङ माओलिङ र लोरिकाशीले सगरमाथा आरोहणको अनुभव साझा गरेका थिए । कार्यक्रमस्थलमा नेपालका पर्यटकीय गन्तव्यहरु स्थलको तस्बिरहरूको प्रदर्शनी गरिएको थियो ।

कार्यक्रममा चीनको परराष्ट्र मन्त्रालयका प्रतिनिधि, अन्तरराष्ट्रिय पर्वतीय पर्यटनसम्बद्ध संस्थाका प्रतिनिधि, विभिन्न मुलुकका कूटनीतिज्ञ, चिनियाँ पर्यटन व्यवसायी तथा नेपाली समुदायका सदस्यसहित करिब २०० जनाको सहभागिता रहेको थियो । नेपालबाट नेपाल पर्वतारोहण सङ्घ, आरोहण सञ्चालक सङ्घ, सगरमाथा आरोही सङ्घ, नेपाल राष्ट्रिय पर्वतारोहण पथप्रदर्शक सङ्घका साथै आरोहण र पदमार्गसम्बन्धी दर्जन बढी कम्पनीहरुका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

सोही अवसरमा नेपाल र चीनका पर्यटन उद्यमीबीच सहकार्य विस्तार गर्ने उद्देश्यले व्यवसायी-व्यवसायी नेटवर्किङ कार्यक्रम पनि आयोजना गरिएको थियो । रासस

# भारत महत्वपूर्ण क्षेत्रीय साझेदार : बंगलादेश

रासस/एएफपी । बंगलादेशको नवनिर्वाचित सरकारले भारत महत्वपूर्ण क्षेत्रीय साझेदार रहेको भन्दै आपसी सम्मान, साझा आर्थिक लाभ र जनस्तरको सम्बन्धका आधारमा सहकार्यलाई बलियो बनाउने बताएको छ ।

प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकार हुमायुन कबिरले भारतसँग रचनात्मक सहकार्यको महत्वमा जोड दिँदै शनिबार भन्नुभयो, "छिमेकी देशहरूले आपसी सम्मान, साझा आर्थिक लाभ र जनस्तरको सम्बन्धका आधारमा सहकार्यलाई बलियो बनाउन मिलेर काम गर्नुपर्छ ।"

भारतसँगको बङ्गलादेशको सम्बन्धबारे एएनआईसँग कुरा गर्दै कबिरले भूगोलको वास्तविकता र क्षेत्रीय सहयोगको आवश्यकतालाई जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "यस क्षेत्रभित्र सामान्य कुटनीतिक सम्बन्ध हुनु राम्रो हो । भारत हाम्रो छिमेकी हो, विगत केही बर्ष उनीहरुले हामीलाई छानेनन्, हामीले पनि उनीहरुलाई छानेनौं । तर हामी छिमेकी हौं । हामी सँगै बस्नु पर्छ, हामीले यस क्षेत्रमा सँगै काम गर्नुपर्दछ र सहकार्य गर्नुपर्छ ।"



उहाँले भन्नुभयो, "यदि दुवै देशका नेतृत्वमा यो मानसिकता भएमा हामी वास्तवमै दुई असल छिमेकी बन्न सक्छौं । हामी सँगै काम गर्न सक्छौं । हामी व्यापार र लगानी खोल्न र विस्तार गर्न सक्छौं," कबिरले भन्नुभयो ।

कबिरले बङ्गलादेश र भारतबीच व्यापार र सम्पर्कका विभिन्न क्षेत्रमा साझेदारी हासिल गर्नुपर्ने महत्वमाथि जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "अर्थव्यवस्थाको फाइदाको लागि, एक निष्पक्ष व्यवस्था आवश्यक छ, र साझेदारी हुनुपर्छ । कनेक्टिभिटीको क्षेत्रमा पनि यही कुरा लागू हुन्छ । बजारमा पहुँच धेरै महत्त्वपूर्ण छ। यो फाइदा लिन म कुनै समस्या देख्दिनँ ।"

"साझेदारी एक अर्काको सार्वभौमिकताको लागि पारस्परिक सम्मानमा निर्माण हुनुपर्दछ, र यो वास्तवमै दुवै पक्षका लागि सबै उपायमा लाभदायक हुनु आवश्यक छ," बङ्गलादेशका प्रधानमन्त्रीका सल्लाहकार कबिरले भन्नुभयो । उहाँले भारतसँग पनि अन्तरसम्बन्ध बढाउनुपर्ने कुरामा जोड दिनुभयो । उहाँले भन्नुभयो, "यदि कनेक्टिभिटीले बङ्गलादेश का जनतालाई फाइदा पुर्याउँछ र हामीले भारतभित्र बजार पहुँच प्राप्त गर्छौं भने त्यसमा म कुनै समस्या देख्दिनँ ।"


उहाँले भन्नुभयो, "विगत १५ वर्षमा बङ्गलादेशमा लोकतान्त्रिक सरकार थिएन र बङ्गलादेश र भारतका जनताबीच कुनै सम्बन्ध पनि थिएन । यसको एउटै मात्र सम्बन्ध शेख हसिनासँग थियो । अहिले हामीले भारतबाट सङ्केत पाइरहेका छौं कि भारत र बङ्गलादेशका जनताबीचको सम्बन्ध फराकिलो हुँदै गएको छ ।"

सल्लाहकार कबिरले दुवै देशका विभिन्न तहका जनताबीच आदान-प्रदान र अन्तरक्रियाको महत्त्व दिँदै दुवै देशका जनताबीच विश्वास निर्माण गर्नु सबैभन्दा महत्त्वपूर्ण पक्ष हो भन्ने कुरामा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "दुई देशबीचको सम्बन्धलाई प्रगाढ बनाउन प्राज्ञिक, सांस्कृतिक अभियन्ता, राजनीतिज्ञ, व्यवसायी र जनस्तरमा अन्तरक्रिया बढाउनुपर्छ ।"

उहाँले भन्नुभयो, "हामीलाई सुरक्षामा पनि सहकार्य चाहिन्छ, तर सुरक्षा सहयोग अलिकति शङ्का र विश्वासमा निर्भर छ ।

# आधा शताब्दीपछि पोखरा बसपार्क निर्माणको आशा जाग्दै



कास्की । पोखरा महानगरपालिका-९ पृथ्वीचोकस्थित बसपार्क क्षेत्रमा वर्षौंदेखि सञ्चालनमा रहेका सटर तथा भवन खाली हुन थालेपछि आधा शताब्दीदेखि अलपत्र रहेको बसपार्क निर्माणको आशा पुनः जागेको छ ।

बसपार्क प्रवेशद्वार नजिकै फेन्सी पसल सञ्चालन गर्दै आउनुभएका हरि लामिछाने शुक्रबार आफ्नो सटरका बाँकी सामान हटाउने काममा व्यस्त हुनुहुन्थ्यो । लामो समयदेखि व्यापार गर्दै आएको स्थान छोड्नुपर्ला भन्ने कल्पना नगरेको बताउने उहाँ अहिले भने बसपार्क निर्माणको प्रक्रिया अघि बढेपछि संरचना खाली गर्न बाध्य हुनुभएको छ ।

पोखरा महानगरपालिकाले गत वैशाख ३ गते बसपार्क क्षेत्रका सार्वजनिक जग्गामा बनेका संरचना हटाउन ३५ दिने सूचना जारी गरेको थियो । सुरुमा त्यो निर्णय कार्यान्वयन होला भन्ने विश्वास नगरेका व्यवसायी पछिल्लो समय जग्गाधनी र महानगरबीच भएको सहमतिपछि भने संरचना खाली गर्न थालेका छन् ।

बसपार्कको उत्तरी क्षेत्रमा रहेका जग्गाधनीले संरचना हटाउने तयारी विरुद्ध उच्च अदालत पोखरामा रिट दायर गरेका थिए । तर जेठ २५ गते महानगरसँग भएको समझदारीपछि उनीहरूले मुद्दा फिर्ता लिने र बसपार्क निर्माणमा सहजीकरण गर्ने निर्णय गरेका छन् । त्यससँगै बसपार्क क्षेत्रका अधिकांश व्यवसायी तथा घरधनीले आफ्ना संरचना खाली गर्न थालेका हुन् ।

"पहिला बसपार्क बन्ला र हामीले ठाउँ छोड्नुपर्ला भन्ने लागेको थिएन । तर जग्गाधनी र महानगरबीच सहमति भएपछि हामीले पनि सर्नुपर्ने अवस्था आयो । बसपार्क निर्माण हुनु राम्रो कुरा हो, तर विस्थापित व्यवसायीको व्यवस्थापनमा महानगरले ध्यान दिनुपर्छ, "लामिछानेले भन्नुभयो ।

उहाँले भविष्यमा बसपार्क क्षेत्रमा व्यापारिक प्रयोजनका लागि सटर वा भवन निर्माण भएमा हाल विस्थापित भएका व्यवसायीलाई प्राथमिकता दिनुपर्ने माग गर्नुभयो ।

हाल बसपार्क प्रवेशको बायाँपट्टि रहेको बास्तोला कम्प्लेक्सका ३२० भन्दा बढी सटर खाली गर्ने कार्य तीव्र गतिमा भइरहेको छ । बसपार्कभित्रका अन्य जग्गाधनीले पनि आफ्ना संरचना हटाउने प्रक्रिया अघि बढाएका छन् ।

पोखरा बसपार्कका लागि विसं २०३२ मा २०५ रोपनी जग्गा अधिग्रहण गरिएको थियो । तर पाँच दशक बितिसक्दा पनि बसपार्क निर्माण हुन सकेन । बरु बसपार्कका लागि छुट्याइएको अधिकांश जग्गा अतिक्रमणको चपेटामा पर्‍यो। अहिले मूल क्षेत्रफलमध्ये करिब २५ रोपनी जमिन मात्र बाँकी रहेको बताइन्छ ।

बसपार्कका लागि अधिग्रहण गरिएको जग्गाको सट्टापट्टा, बिक्री-वितरण तथा क्षतिपूर्ति वितरण प्रक्रियाबारे उठेका गुनासा र विवादको छानबिनको काम अहिले भइरहेको छ ।

बसपार्क निर्माणका लागि अधिग्रहण गरिएको जग्गामध्ये राजमार्ग विस्तारका क्रममा करिब नौ रोपनी क्षेत्रफल प्रयोग भएपछि बाँकी रहेको जग्गासम्बन्धी सट्टापट्टा, बिक्री-वितरण तथा क्षतिपूर्ति प्रक्रियाबारे विभिन्न गुनासा, लिखित उजुरी तथा प्रश्नहरू उठ्दै आएका छन् ।

विशेषगरी केही व्यक्तिले नपाउनुपर्ने क्षतिपूर्ति प्राप्त गरेको, वितरण प्रक्रियामा असमानता भएकोलगायतका आरोप सार्वजनिक भएपछि सत्यतथ्य छानबिनका लागि महानगरले समिति बनाएको हो ।

पोखरा महानगरपालिकाले बसपार्क निर्माणलाई प्राथमिकतामा राख्दै दातृ निकायमार्फत आवश्यक बजेट सुनिश्चित गरेको छ । संरचना हटाउने काम अघि बढेसँगै स्थानीयवासीमा बसपार्क निर्माण हुने आशा समेत वृद्धि भएको छ ।

बसपार्क निर्माणको मार्गमा रहेको अर्को प्रमुख चुनौती बसपार्कभित्र बसोबास गर्दै आएका भूमिहीन तथा सुकुम्बासी परिवारको व्यवस्थापन हो । बसपार्क क्षेत्रमा झण्डै ५०० परिवार वर्षौंदेखि बसोबास गर्दै आएका छन् ।

महानगरपालिकाले उनीहरूको व्यवस्थापनका लागि जग्गा व्यवस्थापन (खोजी) समिति गठन गरेको थियो । समितिले विभिन्न छ स्थानमा पुनःस्थापना गर्न सकिने सुझाव महानगरलाई दिएको छ ।

सोही सिफारिसका आधारमा महानगरले जेठ २५ गते जग्गा प्लट मिलान तथा पूर्वाधारको सम्भाव्यता अध्ययन गर्न प्राविधिक समिति गठन गरेको छ । सात दिनभित्र प्रतिवेदन बुझाउने जिम्मेवारी पाएको उक्त समितिले सम्भावित स्थानको नापजाँच तथा व्यवस्थापन क्षमता अध्ययन गरिरहेको छ ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यका अनुसार वास्तविक भूमिहीन र सुकुम्बासी पहिचान गर्न छुट्टै छानबिन समिति पनि क्रियाशील छ ।

"सिफारिस भएका जग्गाको नापजाँच गरी कति परिवारलाई व्यवस्थित रूपमा बसोबास गराउन सकिन्छ भन्ने विषयमा अध्ययन भइरहेको छ," प्रमुख आचार्यले भन्नुभयो, "छानबिन प्रतिवेदनका आधारमा वास्तविक सुकुम्बासीको व्यवस्थापन गरिनेछ र बसपार्क क्षेत्रका अतिक्रमित संरचना हटाएर आधुनिक तथा सुविधासम्पन्न बसपार्क निर्माण गरिनेछ ।"

बसपार्क क्षेत्रमा बसोबास गर्दै आएका भूमिहीन तथा अव्यवस्थित बसोबासीले पनि आफू विकासको बाधक नबन्ने बताएका छन् ।भूमिहीन तथा अव्यवस्थित बसोबासी सरोकार सङ्घर्ष समिति कास्कीका संयोजक प्रेमबहादुर गुरुङले वैकल्पिक व्यवस्थापन भए जुनसुकै बेला पनि स्थान खाली गर्न तयार रहेको बताउनुभयो ।

"हामीलाई उचित विकल्प दिएर व्यवस्थापन गर्नुपर्छ," उहाँले भन्नुभयो, "बसपार्कका लागि अधिग्रहण गरिएको २०५ रोपनी सम्पूर्ण जग्गामा नै बसपार्क निर्माण हुनुपर्छ । सुकुम्बासीलाई मात्र हटाउने तर शक्तिका आडमा बसपार्कको जग्गा ओगटेर बसेका अन्य व्यक्तिलाई यथावत् राख्ने काम स्वीकार्य हुँदैन ।"

पोखरा महानगरले संरचना हटाउने अभियानलाई तीव्रता दिएको र जग्गाधनी तथा व्यवसायीले सहयोग गर्न थालेपछि लामो समयदेखि अलपत्र रहेको पोखरा बसपार्कको सपना पूरा हुने विश्वास पोखरेलीको छ । रासस

# आर्थिक तथा प्राविधिक अभाव हुँदा करोडौँका डायलासिस मेसिन प्रयोगविहीन



पाल्हीनन्दन । भौतिक संरचना र प्राविधिक अभाव हुँदा करोडौँ मूल्यका डायलासिस मेसिन प्रयोगविहीन भएका छन् । विभिन्न दातृ निकाय र नेपाल सरकारबाट स्थानीय तह र अस्पतालका लागि प्राप्त भएका ती मेसिन प्रयोगमा आउन नसकेका हुन् ।

नेपाल सरकारको समन्वयमा रोटरी क्लब धुलिखेलले बर्दघाट नगरपालिका-१४ को सहिद स्मृतिलाई विसं २०८१ मा उपलब्ध गराएको रु एक करोड २० लाख मूल्य बराबरका छ वटा डायलासिस प्रयोगविहीन छन् । आर्थिक अभाव र मेसिन सञ्चालनका लागि संरचना अभाव भएकाले प्रयोगविहीन भएको अस्पतालले बताएको छ । अस्पताल व्यवस्थापन समितिका अध्यक्ष डिबीबहादुर थापाले लामो समयदेखि मेसिन प्रयोगमा ल्याउन नसक्दा स्थानीय बिरामीलाई सेवा दिन नसकिएको बताउनुभयो ।

त्यसैगरी बुटवलस्थित मुटु अस्पतालले केही महिनाअघि सुनवल नगरपालिकालाई उपलब्ध गराएको रु साढे आठ करोड बराबरका पाँच वटा डायलासिस पनि प्रयोगविहीन छन् । नगरको आफ्नै अस्पताल सञ्चालन नआएका कारण ती मेसिन सञ्चालनमा ल्याउन सकिएको छैन । सुनवल नगरपालिकाका नगरप्रमुख विमला अर्यालले पनि आर्थिक अभाव र प्राविधिक अभावका कारण मेसिन सञ्चालनमा ल्याउन नसकिएको बताउनुभयो । सुनवलमा १५ श्ययाको अस्पताल निर्माण भइरहेको छ ।

यता रामग्रामस्थित पृथ्वीचन्द्र जिल्ला अस्पतालमा रहेको पाँच वटा डायलासिस मेसिनले दैनिक १७ जना बिरामीलाई निरन्तर सेवा दिँदै आएको छ । बिरामीको चाप बढी भएकाले जिल्ला अस्पतालबाट सेवा लिन नसक्ने बिरामीहरू जिल्ला बाहिर जानुपर्ने अवस्था छ । यदी प्रयोगविहीन भएका मेसिन सञ्चालनमा आए बिरामीलाई सहज हुने पृथ्वीचन्द्र अस्पतालका व्यवस्थापक सिमा काफ्लेको भनाइ छ । रासस

# वैदेशिक रोजगारीबाट फर्किएका युवालाई उद्यमशीलता तालिम

तेह्रथुम । म्याङलुङ नगरपालिकाले राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमअन्तर्गत वैदेशिक रोजगारीबाट फर्किएका युवालाई पाँचदिने उद्यमशीलता तालिम प्रदान गरेको छ ।

यही जेठ २६ देखि ३० गतेसम्म सञ्चालन भएको तालिममा नगरपालिकाभित्रका २५ जना वैदेशिक रोजगारीबाट फर्किएका युवाको सहभागिता रहेको म्याङलुङ नगरपालिकाका रोजगार संयोजक अनिल नेपालले जानकारी दिनुभयो । उहाँका अनुसार तालिममा उद्यम सञ्चालन गर्ने तरिका, लगानी व्यवस्थापन, वित्तीय साक्षरता तथा बैङ्किङ ऋणसम्बन्धी जानकारीका साथै मनोसामाजिक परामर्शसमेत प्रदान गरिएको थियो ।

वैदेशिक रोजगारीबाट फर्किएका युवाले स्वदेशमै व्यवसाय सञ्चालन गरी स्वरोजगार बन्न सकून् भन्ने उद्देश्यले तालिम सञ्चालन गरिएको नगरप्रमुख सञ्जयकुमार तुम्बाहाङ्फेले बताउनुभयो ।

म्याङलुङ नगरपालिका रोजगार, सीप तथा उद्यमशीलता केन्द्र तेह्रथुमले आयोजना गरेको तालिममा म्याङलुङ नगरपालिकाका सामाजिक विकास अधिकृत जगदीश सुवेदी, मनोसामाजिक परामर्शदाता पुनम भण्डारी, उद्यम विकास सहजकर्ता विनोद भण्डारी तथा नबिल बैङ्क लिमिटेड म्याङलुङ शाखाका शाखा प्रबन्धक भरत भारतीले सहजीकरण गर्नुभएको थियो ।

तालिममा सहभागी म्याङलुङ-९ का सन्तोष लिम्बूले वैदेशिक रोजगारीबाट फर्किएपछि आफूले सिकेको सीपलाई उद्यममा रूपान्तरण गर्ने विषयमा उपयोगी जानकारी प्राप्त भएको बताउनुभयो । ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताका रूपमा कार्यरत लिम्बूले तालिमले आफ्नो पेसालाई व्यावसायिक रूपमा विस्तार गर्न सहयोग पुगेको धारणा व्यक्त गर्नुभयो ।

यस्तै, म्याङलुङ-१ का बखत दाहालले १८ वर्ष वैदेशिक रोजगारीमा बिताएपछि स्वदेश फर्किएको उल्लेख गर्दै तालिमबाट रोजगार सिर्जना, लगानी व्यवस्थापन, बैङ्किङ प्रक्रिया तथा मनोसामाजिक पक्षबारे महत्वपूर्ण जानकारी प्राप्त भएको बताउनुभयो ।रासस

# विर्तामोडमा दुईदिने 'रोजगार मेला' शुरु

सुरुंगा । झापाको विर्तामोड नगरपालिकाको आयोजनामा 'विर्तामोड रोजगार मेला' शनिबारदेखि शुरु भएको छ । स्थानीय तहमा उपलब्ध रोजगारीका अवसरबारे जानकारी गराउने, रोजगारदाता र रोजगार खोज्ने व्यक्तिबीच प्रत्यक्ष सम्पर्क स्थापित गर्ने तथा सीपयुक्त जनशक्तिलाई उपयुक्त क्षेत्रमा आबद्ध गराउने उद्देश्यसहित मेलाको आयोजना गरिएको हो ।

विर्तामोडस्थित अतिथि सदनमा शुरु भएको दुईदिने मेलाको आज विर्तामोड नगरपालिकाकी प्रमुख पवित्रा महतारा प्रसाईं र विर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले संयुक्त रूपमा उद्घाटन गर्नुभयो । समारोहमा रोजगार सिर्जना र स्वरोजगार प्रवर्द्धनका लागि स्थानीय तह, निजी क्षेत्र र सरोकार भएका विभिन्न संस्थाबीच सहकार्य आवश्यक रहेकामा जोड दिइएको थियो ।

कार्यक्रममा विर्तामोड नगरपालिकाका प्रवक्ता एवं वडा नं १ का वडाध्यक्ष अग्निप्रसाद पाण्डे, वडा नं २ का वडाध्यक्ष किशोर पौडेल, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, उद्योगी, व्यवसायी तथा रोजगारी खोजिरहेका युवायुवतीको सहभागिता थियो । मेलामा विभिन्न क्षेत्रका रोजगारदाताले आफ्ना कक्ष (स्टल) मार्फत



उपलब्ध रोजगारी, आवश्यक योग्यता, सीप विकासका अवसर तथा संस्थागत गतिविधिबारे जानकारी प्रदान गरिरहेका छन् ।

रोजगारदाताका स्टलमा सहभागीहरूले आफ्नो शैक्षिक योग्यता, कार्य अनुभव र रुचीअनुसार रोजगारीका सम्भावनाबारे जानकारी लिने तथा आवश्यक परे आवेदनसमेत दिनसक्ने व्यवस्था मिलाइएको नगरपालिकाका प्रवक्ता पाण्डेले जानकारी दिनुभयो । मेलाले स्थानीयस्तरमा उपलब्ध अवसरबारे जानकारी अभावका कारण बेरोजगार रहनुपर्ने अवस्थालाई न्यूनीकरण गर्न सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

मेलामा रोजगारसम्बन्धी सेवामूलक कक्षहरू पनि सञ्चालनमा छन् । रोजगार सेवा केन्द्र, प्राथमिक उपचार केन्द्र र सोधपुछ कक्षमार्फत सहभागीलाई आवश्यक जानकारी तथा सहजीकरण प्रदान गरिएको छ । मेलामा आउने सेवाग्राहीलाई रोजगारीका अवसर, सीप विकाससम्बन्धी कार्यक्रम र रोजगारसम्बन्धी सरकारी सेवाबारे जानकारी दिने व्यवस्था गरिएको आयोजकले जनाएको छ ।

आजै उद्योगी, व्यवसायी र सरोकार भएका निकायका प्रतिनिधिबीच अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरिएको छ । अन्तरक्रियामा स्थानीय श्रम बजारको अवस्था, दक्ष जनशक्ति उत्पादन, निजी क्षेत्रका आवश्यकता तथा स्थानीय तहको भूमिकाबारे छलफल गरिएको नगरपालिकाका प्रवक्ता पाण्डेले बताउनुभयो ।

सहभागीहरूले सीपमूलक तालिमलाई बजारको मागसँग जोड्नुपर्ने, युवा जनशक्तिलाई स्वदेशमा रोजगारीका अवसर उपलब्ध गराउनुपर्ने तथा रोजगार प्रवर्द्धनका कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने धारणा राखेका छन् ।

विर्तामोड उद्योग वाणिज्य संघको सहकार्यमा सञ्चालन भएको रोजगार मेलाले स्थानीय तहमा रोजगारसम्बन्धी सूचना प्रवाह गर्ने छ । रासस

# विभागले तय गर्‍यो जलविद्युत् आयोजनाको रोयल्टी निर्धारणको मुख्य सूचक

काठमाण्डु । सरकारले जलविद्युत् आयोजनाको रोयल्टी हिस्सा बाँडफाँटको आधार तथा ढाँचाका बारेका सम्बद्ध पक्षलाई जानकारी दिँदै सोही अनुसार गर्न गराउन आग्रह गरेको छ ।

विद्युत् विकास विभागले रोयल्टी बाँडफाँडको हिस्सा निर्धारणका लागि आयोजनाको भौगोलिक अवस्थिति, प्रभावित स्थानीय तहको क्षेत्रफल र जनसंख्यालाई मुख्य सूचकका रुपमा लिँदै सोही अनुसार प्रबन्ध गर्न आग्रह गरेको छ ।


विभागले भौगोलिक अवस्थितिको भार ५० प्रतिशत, प्रभावित क्षेत्रको क्षेत्रफलको भार २५ प्रतिशत र प्रभावित क्षेत्रको जनसंख्याको भार २५ प्रतिशत बराबर तय गरिएको जनाएको छ ।

भौगोलिक अवस्थितिमा पनि मुख्य क्षेत्र, प्रभावित क्षेत्र र आयोजना वरपरको उपल्लो र तल्लो तटीय क्षेत्रका रुपमा निर्धारण गरिएको छ ।

प्रभावित क्षेत्रमा पनि मुख्य क्षेत्र, प्रभावित क्षेत्र र वरिपरिको क्षेत्रका रुपमा निर्धारण गरिएको छ ।

त्यस्तै, प्रभावित क्षेत्रको जनसंख्यामा पनि मुख्य क्षेत्र, प्रभावित क्षेत्र र वरिपरिको क्षेत्रका रुपमा निर्धारण गरिएको छ ।

नेपालको संविधानमा



जलविद्युतलाई तीन वटै तहको साझा अधिकार सूचीका साथै सङ्घ, प्रदेश र स्थानीय तहको अलग अलग अधिकार सूचीमा समेत राखिएको छ । हाल निजी क्षेत्र र नेपाल विद्युत् प्राधिकरणले निर्माण गरेका एक मेगावाट क्षमताभन्दा ठूला आयोजना सञ्चालन गरेका छन् ।

प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड गर्नुपर्ने क्षेत्रहरुमा पर्वतारोहण, विद्युत्, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोत रहेका छन् । त्यसमा संघीय सरकारको हिस्सा ५० प्रतिशत, सम्बन्धित प्रदेश र सम्बन्धित स्थानीय तहको हिस्सा २५/२५ प्रतिशत बराबर रहनेछ ।

जम्मा भएको रोयल्टीमध्ये नेपाल सरकारले प्राप्त गर्ने रकम संघीय सञ्चित कोषमा, प्रदेशले प्राप्त गर्ने रकम सम्बन्धित प्रदेश सञ्चित कोषमा र स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा हुने गरी उपलब्ध गराइने व्यवस्था छ ।

मुख्य क्षेत्रमा जलविद्युत् आयोजनाको भौतिक संरचना निर्माण भएका स्थानीय तहका सम्बन्धित वडाहरु पर्दछन् । जलाशययुक्त आयोजना तथा अर्धजलाशययुक्त र नदी प्रवाही प्रकृतिका आयोजनाको प्रकृतिका आधारमा मुख्य क्षेत्र निर्धारण गरिएको छ ।

अर्धजलाशययुक्त आयोजनाले छोएका सम्पूर्ण वडा तथा विद्युत् गृहमा पानी लैजानका लागि बनेका भौतिक संरचना, विद्युत् गृह रहेका स्थानको समेत रोयल्टी बाँडफाँड गर्नेगरी व्यवस्था गरिएको छ ।

एकै नदी बेसिनका आयोजानको बाँधस्थलदेखि विद्युत् गृहसम्मका नदी किनारका वारि र पारि जोडिने वडाहरु, आयोजनाको माथिल्लो तटीय क्षेत्र र तल्लो तटीय क्षेत्रका वडा समेत प्रभावित क्षेत्रमा पर्ने भएकाले रोयल्टी प्राप्त गर्ने अधिकार राख्दछ ।

विद्युत् रोयल्टी बाँडफाँडमा मानव विकास सूचकांकलाई हालसम्म आधारका रुपमा लिइएको छैन । राजस्व बाँडफाँड र वित्तीय समानीकरण अनुदानमा भने मानव विकास सूचकांकलाई महत्वपूर्ण आधारका रुपमा लिइएको छ ।

विभागका अनुसार, हाल १९१ वटा आयोजनाले विद्युत् उत्पादन गरिरहेको तथ्याङ्क छ । यस्तै, २६४ वटा आयोजनाले विद्युत् उत्पादन अनुमतिपत्र लिएका छन् । विभागले तय गरेको सूचकअनुसार सबैभन्दा धेरै आयोजना रहेका जिल्लाले बढी र कम आयोजना भएका जिल्लाले कम रोयल्टी पाउने अवस्था छ ।

मुलुकमा कुल जडित क्षमता चार हजार २९६ मेगावाट बराबर पुगेको छ । आगामी आवको अन्त्यसम्म कुल जडित क्षमता पाँच हजार ५३५ मेगावाट बराबर पुग्ने लक्ष्य निर्धारण गरिएको छ । रासस

# आगामी आवमा जलविद्युत् उत्पादन क्षमता पाँच हजार ३३५ मेगावाट पुग्ने

काठमाण्डु । सरकारले आगामी आर्थिक वर्षभित्र मुलुकको कुल जडित विद्युत् उत्पादन क्षमता पाँच हजार ३३५ मेगावाट पुर्‍याउने लक्ष्य लिएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले सार्वजनिक गरेको वार्षिक विकास कार्यक्रममा एक वर्षभित्र थप एक हजार ४० मेगावाट जलविद्युत् उत्पादन क्षमता थपिने उल्लेख गरिएको छ ।

निर्माणाधीन तथा निर्माणको अन्तिम चरणमा रहेका जलविद्युत् आयोजनालाई समयमै सम्पन्न गर्न विशेष प्रयास गरिने जनाइएको छ । निजी क्षेत्रबाट निर्माण भइरहेका आयोजनालाई पनि सहजीकरण गरी निर्धारित समयमा तिनलाई पनि सम्पन्न गर्ने लक्ष्य छ ।

विद्युत् प्रसारण पूर्वाधार विस्तारलाई पनि उच्च प्राथमिकतामा राखिएको छ। वार्षिक कार्यक्रमअनुसार ६६ केभी प्रसारण लाइन सात हजार ४८ सर्किट किलोमिटरबाट बढाएर सात हजार ८०८ सर्किट किलोमिटर पुर्‍याइनेछ ।

यसैगरी, ३३ केभी प्रसारण लाइन आठ हजार ३२५ सर्किट किलोमिटरबाट बढाएर आठ हजार ४२९ सर्किट किलोमिटर पुर्‍याउने लक्ष्य छ ।

आगामी आर्थिक वर्षमा प्रतिव्यक्ति विद्युत् खपत पाँच सय ११ किलोवाट घण्टा पुर्‍याउने तथा विद्युत् चुहावट १२ दशमलव शून्य तीन प्रतिशतमा सीमित गर्ने लक्ष्य लिइएको छ। लघु तथा साना जलविद्युत् आयोजनाबाट ४३ मेगावाट तथा सौर्य ऊर्जाबाट ९९ मेगावाट विद्युत् उत्पादन क्षमता थप गरिने कार्यक्रम छ ।

सरकारले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट कार्यान्वयनबाट थप १५ हजार ७७६ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य राखेको छ। साथै, ठूला तथा मझौला नदीमा



थप ७० किलोमिटर तटबन्ध निर्माण तथा २१० हेक्टर जमिन उकास गरिनेछ ।

उक्त मन्त्रालयका अनुसार जलविद्युत् विकासले राष्ट्रिय आवश्यकता मात्र नभई क्षेत्रीय अर्थतन्त्रको विकासलाई समेत तीव्रता दिन सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसबाट आर्थिक विकास, औद्योगिकीकरण, बाढी नियन्त्रण, वातावरणीय संरक्षण तथा रोजगारी सिर्जनामा योगदान पुग्ने छ ।

आगामी आवमा १२ वटा प्रसारण लाइन सम्पन्न गर्ने लक्ष्य छ । ती आयोजना सम्पन्न भएपछि आन्तरिक रूपमा विद्युत् प्रवाहमा सहजता आउने तथा उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न सकिने छ ।

काठमाण्डु उपत्यकाको मध्यभाग हुँदै जाने प्रसारण लाइन निर्माणको योजना पनि कार्यान्वयन गरिने उक्त मन्त्रालयले जनाएको छ । रासस

# वीरगञ्ज मालपोतमा बिचौलियाको रजगज

अनिल तिवारी

वीरगञ्ज । पर्साको विरगञ्ज मालपोत कार्यालयमा सधै बिचौलियाहरुको रजगज रहने गरेको छ । सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणलाई आफ्नो प्रमुख एजेन्डा बनाएको वर्तमान सरकारमाथि वीरगञ्जको आदर्शनगरका २१ घरपरिवारले गम्भीर प्रश्न उठाउँदै वीरगञ्ज मालपोतमा बिचौलियाहरुको रजगत रहेको आरोप लगाएका छून ।



पाँच दशकअघि कानुनी रूपमा खरिद गरिएको जग्गाको स्वामित्वमाथि पुनः विवाद खडा गरिँदा उनीहरू आफूहरू राज्य संयन्त्रकै दबाबमा परेको दाबी गर्छन् । उनीहरूले वैधानिक कागजात, अदालतका फैसला तथा सरकारी अभिलेख हुँदाहुँदै पनि आफूहरूलाई अनावश्यक दुःख दिने प्रयास गुनासो गरेका छून ।

विवादको सबैभन्दा चर्चित घटना वीरगञ्जका रुपेश मानन्धरको परिवारसँग जोडिएको छ। उनका हजुरबुबा सत्यनारायण मानन्धरको निधन भएको १२ वर्ष बितिसकेको छ । मृत्युदर्ता भइसकेको र सम्पूर्ण अभिलेख सरकारी कार्यालयमै सुरक्षित रहेको अवस्थामा पनि भूमिसुधार तथा मालपोत कार्यालय पर्साबाट उनकै नाममा उपस्थित हुन पत्र जारी गरिएको छ।

रुपेश मानन्धर भन्छन्, "मृत व्यक्तिको नाममा पत्र काटिनु सामान्य प्रशासनिक कमजोरी मात्र होइन । यसले राज्यको अभिलेख प्रणाली र नियतमाथि नै प्रश्न उठाएको छ। यदि यस्तो गल्ती सच्याउन नसक्ने अवस्था हो भने नागरिकले न्यायको आशा कहाँ गर्ने ?" आदर्शनगरका बासिन्दाहरूको आरोप छ कि विवाद सिर्जना गर्ने कार्यमा केही बिचौलियाको प्रभाव सक्रिय रहेको छ । उनीहरूका अनुसार विभिन्न सरकारी निकायमा उजुरी परे पनि प्रभावकारी अनुसन्धान र कारबाहीको अनुभूति हुन सकेको छैन। बरु उजुरीको विषय बनेका व्यक्तिहरू नै सरकारी कार्यालयमा प्रभावशाली हैसियतमा देखिने गरेको उनीहरूको गुनासो छ।

स्थानीय व्यवसायी सुनिल गुप्ताका अनुसार, "हामी कानुन मानेर जग्गा किन्ने, कर तिर्ने र व्यवसाय गर्ने नागरिक हौं । तर अहिले हाम्रो भविष्यको निर्णय निर्वाचित जनप्रतिनिधि वा सरकारी निकायले होइन, केही प्रभावशाली बिचौलियाले गरिरहेको जस्तो महसुस भइरहेको छ।"

पीडित पक्षले सञ्जय कुमार ठाकुर नामका व्यक्तिविरुद्ध प्रशासन र प्रहरीमा उजुरी परेको दाबी गर्दै आएका छन् । उनीहरूका अनुसार विवादित जग्गा, पुराना अभिलेख तथा अदालतका मुद्दालाई आधार बनाएर विभिन्न व्यक्तिमाथि दबाब सिर्जना गर्ने कार्य भइरहेको छ । यद्यपि सम्बन्धित निकायले यी आरोपबारे औपचारिक प्रतिक्रिया सार्वजनिक गरेका छैनन् ।

विवादको अर्को केन्द्रमा भूमिसुधार तथा मालपोत कार्यालय पर्साका प्रमुख खेमराज खत्री रहेका छन् । स्थानीय स्रोतहरूले उनलाई पर्सामा पुनः सरुवा गराउन विभिन्न तहमा पहल गरिएको दाबी गरेका छन् । पीडितहरूको आरोप छ कि आदर्शनगरको जग्गा विवादमा कार्यालयले आफ्नै अभिलेख र कानुनी आधारलाई बेवास्ता गर्दै कदम चालेको छ।

यता मालपोत प्रमुख खत्रीले भने आफूमाथि लागेका सबै आरोप अस्वीकार गरेका छन्। उनले कार्यालयले प्राप्त उजुरी र उपलब्ध प्रमाणका आधारमा कानुनी प्रक्रिया अगाडि बढाएको बताउँदै निर्णयप्रति असन्तुष्टि भए अदालत जान सकिने बताएका छन्।

आदर्शनगरका ज्येष्ठ नागरिक श्रीलाल रौनियार भन्छन्, "हामीले कानुन मानेर जग्गा किन्यौं, कर तिर्यौं र घर बनायौं । तर अहिले राज्यले हामीलाई नै शंकाको दृष्टिले हेरेको अनुभूति भइरहेको छ। कानुन पालना गर्ने नागरिक नै बारम्बार प्रमाण बोकेर कार्यालय धाउन बाध्य हुनु दुःखद हो।"

# बालेन सरकार असफल बन्दै : साह

सुशासन र सदाचारको सवालमा पनि वर्तमान सरकारले कुनै सकारात्मक छाप छोड्न नसकेको साहको आरोप छ । उनले भने, "हाम्रोतिर एउटा भनाइ छ कि गर्जिने बादलले बर्षात् गर्दैन, रास्वपाको यो सरकार पनि सुशासन र सदाचारको सवालमा सुरु सुरुमा ठुलो स्वरले चिच्यायो, तर सुशासन कायम गर्ने कुरा कता हरायो ?"

टुडे समाचारदाता




वीरगञ्ज । बालेन्द्र शाह बालेन नेतृत्वको सरकार क्रमशः असफल बन्दै गएको आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले बताएका छन् । दुई तिहाइ जनमतसहित सत्ताको बागडोर सम्हाल्ने अवसर पाएको रास्वपा र यसको नेतृत्व प्रधानमन्त्री बालेन साहसामु निरीह देखिएको साहको भनाई छ।

वीरगञ्जमा शनिवार आयोजित पार्टीको मधेस प्रदेशको विस्तारित बैठकलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् । जनताले दुई तिहाइ मतसहित रास्वपालाई अभूतपूर्व जिम्मेवारी सुम्पिएकोले नेपाली जनताले धैर्यतापूर्वक सरकारको कदमलाई नियालेको र सकारात्मक कामको अपेक्षा गरेको भए पनि सरकार बनेको छोटो समयमा नै निराशा चुलिएको उनको टिप्पणी उनले गरेका छन्।

सुशासन र सदाचारको सवालमा पनि वर्तमान सरकारले कुनै सकारात्मक छाप छोड्न नसकेको साहको आरोप छ । उनले भने, ' हाम्रोतिर एउटा भनाइ छ कि गर्जिने बादलले बर्षात् गर्दैन, रास्वपाको यो सरकार पनि सुशासन र सदाचारको सवालमा सुरु सुरुमा ठुलो स्वरले चिच्यायो, तर सुशासन कायम गर्ने कुरा कता हरायो ?'

उनले वर्तमान सरकार सुशासन र सदाचार कायम गर्ने सवालमा पूर्ण रूपमा असफल भएको भन्दै जेनजी आन्दोलनको जगमा बनेको भए पनि जेनजी आन्दोलनको दमनकारी र हत्याराहरूलाई उन्मुक्ति दिएको बताए । सार्वजनिक तहमा बसेकाहरूको सम्पत्ति छानबिन गर्ने भनिए पनि पक्षपात र आफू बाहेकलाई छानबिन गर्ने भनेकोमा आपति समेत उनले जनाएको छ।

सेवाग्राहीको लाइन हटाउँछु भनेर उद्घोष गरेको भए पनि अहिले सरकारी कार्यालयहरूमा झनै लाइन बढेको, करारको कर्मचारी हटाउँछु भनेको भए पनि आफैं करारको भर्ती केन्द्र बनाएको, झोलेहरूलाई हटाउँछु भनेको भए पनि अहिले ती निकायहरूमा घण्टेहरूको अखडा बनाएको उल्लेख गर्दै उनले वर्तमान सरकारले सुशासनको धज्जी उडाएको दाबी गरे।

उनले प्रधानमन्त्री शाहले शपथ लिने बेलामा ब्रम्हाण र भिक्षुलाई राखेर शंखनाद गरेको भए पनि बुद्ध जयन्तीलाई बहिष्कार गरेको र हालै भारतबाट नेपाल भ्रमणमा आएका शंकाराचार्यलाई पनि बेवास्ता गरेको गुनासो पोखे।

उनले प्रधानमन्त्री शाह सरकारी र सार्वजनिक क्षेत्रको ब्राण्डिङ गर्नु सराहनीय भए पनि आफ्नै पार्टीको सांसदको कम्पनी भएकाले गोल्डस्टारको निजी ब्राण्ड एम्बासडरको रूपमा प्रस्तुत हुनु लज्जाको विषय भएको बताए। चुनावताका वाईवाईलाई नेपाली कांग्रेसको चाउचाउ भनेर बदनाम गर्ने प्रधानमन्त्रीले अहिले आएर अर्को निजी क्षेत्रको उत्पादनलाई प्रमोट गर्नुले पूर्वाग्रही भएको पुष्टि भएको उनको भनाइ छ।

# सेफ साह पक्राउ



टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधामस्थित मिथिला थालीका सञ्चालक सेलिब्रेटी सेफ सन्तोष साह पक्राउ परेका छन् ।

साहलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको टोलीले जनकपुरधामबाट पक्राउ गरेको हो।

कार्यालयका एसएसपी सन्तोष खड्काका अनुसार उनलाई धनुषाको जनकपुर उपमहानगरपालिका-८ रामानन्द चोकबाट पक्राउ गरिएको हो। सन्तोष सिराहाको कर्जन्हा नगरपालिका-११ का हुन्।

चितवन घर भई काठमाडौं बस्दै आएकी सकुन्तला थापाले साहविरूद्ध ठगी सम्बन्धमा जाहेरी दिएकी थिइन्। सकुन्तलाले २ वर्षअघि साहलाई रेस्टुरेन्ट बेचेकी थिइन्। त्यतिबेला गैरीधाराको आफ्नो रेस्टुरेन्ट २ करोड २५ लाख रूपैयाँमा बिक्री गरेको सकुन्तला बताउँछिन्।

सन्तोषले त्यतिबेला केही पैसा दिए पनि डेढ करोड रूपैयाँभन्दा बढी बाँकी राखेको उनको भनाइ छ। 'पछि धेरै पटक भेटेर बाँकी पैसाको कुरा गर्दा देशको अवस्था र अरू बहाना गरेर पछि दिन्छु भनेरै टार्नुभयो,' उनले भनिन्।

सकुन्तलाका अनसार एक वर्षअघि साहले उनलाई चेक दिएका थिए। 'तर त्यो खातामा पैसा थिएन। पटकपटक पैसा जम्मा हुँदैछ भन्नुभयो तर भएन,' उनले भनिन्, ' त्यसपछि प्रहरीकहाँ गएको थिएँ।'

# सरोकारवालाई फोहोरको कोसेली उपाहार

टुडे समाचारदाता



जनकपुरधाम। मधेश प्रदेशको राजधानी जनकपुरधाममा बढ्दो फोहोर व्यवस्थापन समस्याप्रति सम्बन्धित निकायको ध्यानाकर्षण गराउन सरसफाइ अभियन्ताहरूले प्रतीकात्मक विरोध कार्यक्रम सञ्चालन गरेका छन् । उनीहरूले विभिन्न सरकारी तथा प्रशासनिक निकायमा 'कोसेली'का रूपमा फोहोर राख्दै प्रभावकारी सरसफाइ व्यवस्थापनको माग गरेका हुन् ।

सरसफाइ अभियन्ता जयनाथ अधिकारीको नेतृत्वमा युवाहरूको समूहले जनकपुरधाम उपमहानगरपालिका कार्यालय, मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवको निवास अगाडि तथा जिल्ला प्रशासन कार्यालय धनुषाको परिसरमा फोहोर थुपारेर विरोध जनाएको छ।

अभियन्ता अधिकारीले जनकपुरधामको सरसफाइ अवस्था दिनप्रतिदिन चुनौतीपूर्ण बन्दै गएको उल्लेख गर्दै स्थानीय तह, प्रदेश सरकार र प्रशासनले आवश्यक संवेदनशीलता नदेखाएको आरोप लगाए। जनकपुरधाम धार्मिक, ऐतिहासिक तथा पर्यटकीय महत्व बोकेको सहर भए पनि फोहोर व्यवस्थापन अपेक्षाअनुसार प्रभावकारी हुन नसकेको उनको भनाइ छ।

उनले नगरको सरसफाइलाई उच्च प्राथमिकतामा राखी दीर्घकालीन र प्रभावकारी फोहोर व्यवस्थापन प्रणाली लागू गर्न सम्बन्धित निकायसँग माग गरिएको बताए । प्रतीकात्मक रूपमा फोहोर उपहारस्वरूप राखेर समस्या समाधानतर्फ गम्भीर बन्न आग्रह गरिएको उल्लेख गर्दै उनले यसपछि पनि सरोकारवाला निकाय मौन रहे थप सशक्त आन्दोलनका कार्यक्रम अगाडि बढाइने चेतावनी दिए।

अधिकारीले स्वच्छ वातावरण नागरिकको आधारभूत आवश्यकता भएको उल्लेख गर्दै जनस्वास्थ्य, वातावरण संरक्षण तथा जनकपुरधामको धार्मिक एवं पर्यटकीय पहिचान जोगाउन सरसफाइ व्यवस्थापनमा सबै पक्षले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका छन्।

अभियन्ताहरूले फोहोर व्यवस्थापनलाई केवल नगरको सौन्दर्यसँग मात्र नभई नागरिकको स्वास्थ्य, वातावरणीय सन्तुलन र सहरको समग्र छविसँग जोडिएको विषय भएकाले तत्काल प्रभावकारी कदम चाल्न सम्बन्धित निकायसँग आग्रह गरेका छन्।

# भारतीय गाडी नियन्त्रणमा

टुडे समाचारदाता

जनकपुरधाम । विद्युतीय ट्रान्सफर्मर चोरीको घटना प्रयोग भएको आशंकामा धनुषा प्रहरीले एक भारतीय नम्बर प्लेटको कार नियन्त्रणमा लिएको छ।

शुक्रबार राति १ बजे बीआर ०१ इके ४०२४ नम्बरको कार धनुषाको धनुषाधाम लागि प्रयोग गरिएको ट्रान्सफर्मर पोलबाट तल खसालिएको अवस्थामा भेटिएको थियो।

चोरी गर्ने नियतले ट्रान्सफर्मर तल झारेको हुनसक्ने अनुमान गरेर चोरीमा संलग्न व्यक्तिको खोजतलास गर्नेक्रममा घटनास्थल नजिकै बेवारिसे अवस्थामा भारतीय नम्बर प्लेटको कारलाई भेटिएको




नगरपालिका-५, नौ सय बिघा क्षेत्रमा ट्रान्सफर्मर चोरीका लागि प्रयोग गरिएको आशंकामा नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय उमाप्रेमपुरका इन्चार्ज अजयकुमार झाले बताएका छन्।

उनले खेत सिँचाइका लागि जडान गरिएको ट्रान्सफर्मर चोरीको प्रयास भएको जानकारी दिनुभयो । उहाँका अनुसार राति नियमित गस्तीको क्रममा सिँचाइका प्रहरी इन्चार्ज झाले बताए।

उनले नियन्त्रणमा लिएर जाँचगर्दा ट्रान्सफर्मर चोरीमा प्रयोग हुने सामग्री बरामद भएको उनले जानकारी दिए । उनका अनुसार कारको डिक्कीबाट ट्रान्सफर्मरभित्र प्रयोग हुने तामाको तार, ट्रान्सफर्मरको तेल, काठका टुक्रा तथा ट्रान्सफर्मर खोल्न प्रयोग गरिने विभिन्न साइजका औजार फेला परेको छ।

# कर्मयोगी पुरस्कार ललितालाई

टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेश सभा सदस्य ललिता दास विद्रोहीलाई मानव अधिकार तथा शान्ति समाजले 'कर्मयोगी बद्रीप्रसाद



पहाडी समाजसेवा पुरस्कार-२०८३' प्रदान गरी सम्मान गरेको छ।

समाजले सामाजिक न्याय, मानव अधिकार तथा समावेशी समाज निर्माणको क्षेत्रमा पुऱ्याएको उल्लेखनीय योगदानको कदर गर्दै विद्रोहीलाई उक्त पुरस्कार प्रदान गरिएको जनाएको छ । पुरस्कारसँगै नगद रु. १ लाख १० हजार राशीसमेत प्रदान गरिएको छ।

लामो समयदेखि दलित, महिला तथा सीमान्तकृत समुदायको हकअधिकारका लागि सक्रिय रहँदै आएकी विद्रोही सामाजिक विभेद, जातीय भेदभाव तथा महिला अधिकारसम्बन्धी विभिन्न अभियान र आन्दोलनमा निरन्तर सहभागी हुँदै आएकी छन् । समाजले उनको यही योगदानको मूल्यांकन गर्दै सम्मान अर्पण गरेको हो।

पुरस्कारको नामकरण गरिएका समाजसेवी बद्रीप्रसाद पहाडी शिक्षा, समाजसेवा तथा सामाजिक जागरणका क्षेत्रमा पुर्याएको योगदानका लागि परिचित व्यक्तित्व हुन् । सिरहामा विसं १९९९ चैत १ गते जन्मिएका पहाडीले मानव अधिकार तथा शान्ति समाजको केन्द्रीय कार्यालय भवन निर्माणका लागि रु. १ करोड आर्थिक सहयोग प्रदान गरेका थिए।

मानव अधिकार तथा शान्ति समाजले हरेक वर्ष सामाजिक रूपान्तरण, मानव अधिकारको संरक्षण र समावेशी समाज निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्तित्वलाई सम्मान गर्दै आएको छ।

# क्रिकेट संघ धनुषाको अध्यक्षमा पाण्डे




टुडे समाचारदाता

जनकपुरधाम । शोभाकान्त पाण्डेको अध्यक्षतामा १३ सदस्यीय जिल्ला क्रिकेट संघ धनुषाको नयाँ कार्यसमिति चयन गरिएको छ।

संघको सम्पन्न साधारण सभाबाट आकाश पाण्डे उपाध्यक्ष, आशीषकुमार झा सचिव तथा सचिन सिंह कोषाध्यक्षमा चयन भएका हुन्।

त्यसैगरी कार्यसमितिका सदस्यहरूमा नवीनकुमार सिंह, लाला गुणवन्त बहादुर सिंह, सरोजकुमार मिश्र, कुमार प्रशुन, चन्दनकुमार झा, धर्मेन्द्र ठाकुर, अभिषेक झा, संयोग कर्ण र प्रह्लादप्रसाद साह चयन भएका छन्।

नवनिर्वाचित कार्यसमितिले जिल्लामा क्रिकेट खेलको विकास, खेलाडी उत्पादन, प्रतियोगिताको आयोजना तथा क्रिकेटप्रति युवाको आकर्षण बढाउने लक्ष्यका साथ काम गर्ने प्रतिबद्धता जनाएको छ।

संघका पदाधिकारीहरूले धनुषामा क्रिकेटको सम्भावना व्यापक रहेको उल्लेख गर्दै खेल पूर्वाधारको विस्तार र प्रतिभावान खेलाडीलाई अवसर उपलब्ध गराउन विशेष पहल गरिने बताएका छन्।

# सहमतिपछि बिजलपुराको अवस्था समान्य

टुडे समाचारदाता

जनकपुरधाम । महिलाको हत्या प्रकरण घटनाले तनावग्रस्त गरेको बनेको महोत्तरीको अवस्था सहमतिपछि अब समान्य बनेको छ।



बर्दिवास नगरपालिका-१२ विजलपुरास्थित एक महिलाको रहस्यमय तरिकाले हत्या गरिएको भन्दै मृतक महिलाका माइत पक्षले सुसुराली पक्षको घरमा तोडफोड गर्दा अवस्था तनावग्रस्त बनेको थियो।

स्थानीय शशी सिंहका श्रीमति रिंकु कुमारी मृत्यु प्रकरणले शुक्रबार रातिदेखि नै अवस्था तनावग्रस्त बनेको बनेको थियो। रिंकुका माइत पक्ष तथा गौशाला नगरपालिका ११ कान्तिबजारका स्थानीयले हत्या गरिएको भन्दै उनको ससुराली पक्षको घरमा तोडफोड तथा आगजनी गरेका थिए।

छोरीको हत्या नै गरिएको दाबी गर्दै विजलपुरा पुगेका माइतीपक्ष र स्थानीयले आक्रोशमा मृतक रिंकुको ससुरालीमा राखिएको एक कार, एक मोटरसाइकल र एक स्कुटीमा समेत आगजनी गरेका छन् । जसलाई सुरक्षाकर्मीले समयमै निभाएका थिए। झडपमा परी दुवैतर्फ गरी करिब एक दर्जनभन्दा बढी व्यक्ति घाइते भएका छन्।

इलाका प्रहरी कार्यालय बर्दिवास र सशस्त्र प्रहरी बल नेपाल बेस क्याम्प पशुपतिनगरबाट शनिवार दिनभरि बाक्लो संख्या प्रहरीले खटिएको थियो। रिंकुका श्रीमान शशी सिंहलाई पक्राउ र दोषीलाई कानुन बमोजिम कार्वाही गर्ने सहमती पछि साम्य भएको छ।

महोत्तरी क्षेन नं. १ का सांसद प्रमोद कुमार महतो , वर्दिवास नगरपालिका मेयर प्रहलाद कुमार क्षेत्री लगायतका जनप्रतिनिधिहरु पुगेर आक्रोशित समुहलाई सम्झाइ बुझाइ निष्पक्ष हिसाबले छानबीन गरी दोषि भनिएका रिंकुका श्रीमान शशीलाई अविलम्ब पक्राउ गराई कानून बमोजिम कारवाही गरिने सहमती गराएपछि स्थिती नियन्त्रणमा आई अहिले अवस्था सामान्य भएको हो।

सहमति पश्चात रिंकी कुमारीको शव माइत पक्षले उठाइएको छ। पीडित, स्थानीय भद्रभलादमी तथा प्रहरीबीच भएको सहमति अनुसार मृतकको शव पोस्टमार्टमका लागि जनकपुर पठाइएको हो । वर्दिवास १२ विजलपुरा शशीका श्रीमति रिंकुको शव घरमै झुण्डिएको अवस्थामा फेला परेको थियो।

# कुम्हार कुट्टीमा महन्थ विवाद

टुडे समाचारदाता

जनकपुरधाम। जनकपुरधामको दशरथ तलाउस्थित शालीग्राम भगवान हनुमानजी रामजानकी कुम्हार कुटीमा महन्थ नियुक्तिको विवाद विवाद सार्वजनिक भएको छ। कुटीका स्वर्गीय महन्थ अघनु दासका छोरा लक्ष्मण कुमार पण्डितले महन्थ नियुक्ति प्रक्रियामा जग्गा लेनदेनको चलखेल भएको आरोप लगाएका छन्।

शनिबार जनकपुरधाममा उनले एक पत्रकार सम्मेलन आयोजना गरी आफू अधिकारिक महन्थ हुँदाहुँदै जग्गाको चलखेलमा आफ्ना दाजु विनोद दास कुम्हारलाई महन्थ बनाइएको आरोप लगाए। उनले घटना बारे भन्ने पुर्खौती निजी रहेको सो मन्दिरको जग्गा गुठी मातहातमा आफू महन्थ छँदाछँदै रामरोशन दासले आफ्ना दाजु विनोदलाई महन्थ बनाउन लगएको आरोप लगाए।

जानकी मन्दिरका उत्तराधिकारी महन्थ तथा वैष्णव संघका अध्यक्ष रामरोशन दासले आफूलाई महन्थ पदका लागि सिफारिस गरिदिने नाममा एक कठ्ठा जग्गा मागेको आरोप लगाए। आफूले कुटीको नाममा रहेको जग्गा दिन अस्वीकार गरेपछि चलखेल गरी आफ्ना जेठा दाजु विनोद पण्डितलाई महन्थ बनाइएको उनको दाबी छ।

लक्ष्मणले भने पिता अघनु दासको निधनपछि वि.सं. २०७८ असार २ गते गुरु-शिष्य परम्पराअनुसार उनलाई महन्थको पाग-चादर ओढाइएको थियो। तर दुई दिनपछि असार ४ गते विनोद पण्डितलाई अघनु दासका एकमात्र गुरु-चेला तथा उत्तराधिकारी उल्लेख गर्दै महन्थका लागि सिफारिस गरियो।

उनले तत्कालीन जनकपुरधाम उपमहानगरपालिका वडा नं. ७ का वडाध्यक्ष जानकीराम साहको कार्यकालमा विनोद पण्डितलाई अघनु दासका एकल गुरु-चेला छोरा भएको प्रमाणित गरिएको दाबी गरे। तर हालका वडाध्यक्ष निरज साहको कार्यकालमा जारी नाता प्रमाणित कागजातमा आमा सहित दुवै दाजुभाइको नाम समावेश रहेको उनले बताए।

मन्दिरको महन्थ सम्बन्धी विवादमा दुवै पक्ष जिल्ला अदालत समेत पुगेको थियो। तर अदालतले फैसला चाहिं विनोदमा पक्षमा गरेको छ। गुठी संस्थानले विनोदलाई नै महन्थ नियुक्त गरेको आधारमा अदालतले पनि त्यो नै सदर गरेको थियो।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८